# रातो खबर साप्ताहिक

Ratokhabar weekly

रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।


## मालकोट गोलीकाण्डको प्रतिवेदन सार्वजनिक

स्थानीय तहको निर्वाचन प्रथम चरणमा प्रदेश नं. ३, ४ र ६ मा सम्पन्न गर्ने क्रममा २०७४।१।३१ गते प्रदेश नं. ६ को कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिका-६ मालकोट, सेरापाटास्थित नन्दादेवी माध्यमिक विद्यालयमा अवस्थित मतदान केन्द्रमा सम्पन्न भयो । तर सो मतदान केन्द्रमा सुरक्षाका लागि खटिएका प्रहरीबाट गोली प्रहार भई राष्टिय प्रजातन्त्र पार्टीको तर्फबाट सो ६ नं. वडा अध्यक्ष पदका उम्मेदवार धनरुप बटालाको घटनास्थलमा मृत्यु भएको तथा अन्य ३ जना स्थानीय व्यक्तिहरू दानबहादुर बटाला, कुलबहादुर बटाला र ब्यासी वि.क. घाइते भएको समाचार सार्वजनिक भयो । त्यस सम्बन्धमा जनअधिकार अभियान नेपाल, राष्ट्रिय सरोकार अभियान नेपाल, अनौपचारिक

... बाँकी पृष्ठ ७ मा

वर्ष २, अङ्क ४७, पूर्णाङ्क ९५ | २०७४ जेठ १० गते बुधबार | Wednesday, 24 May 2017 | www.eratokhabar.com | मूल्य रु. १०

# नयाँ गठबन्धनको सङ्केत

## चुनाव खारेजी समानान्तर सत्ता अभ्यास नै हो- धर्मेन्द्र बास्तोला, नेता नेकपा

■ **रातो खबर संवाददाता**/काठमाडौँ

पहिलो चरणको निर्वाचनमा व्यापक धाँधलीबीच सत्तारूढ दलहरू पछारिएका छन् । २००७ सालको रानाविरोधी आन्दोलनको नेतृत्व गरेपछि पचासौँ वर्षसम्म निर्वाचनमा पहिलो दलका रूपमा स्थापित (२०५४ बाहेक) हुँदै आएको नेपाली काङ्ग्रेस दोस्रो पार्टीका रूपमा स्थापित भएको छ । व्यापक सरकारी गठबन्धनका बीच नेकपा (एमाले) ले जेठ ३१ गते भएको प्रथम चरणको निर्वाचनमा बहुमत हासिल गरेको छ । नक्कली राष्ट्रियता, राजतन्त्र पैरवी र हिन्दु धर्मको वकालत गर्दै आएको राप्रपालाई जनताले अस्वीकार गरेका छन् । गैरराजनीतिक व्यक्तिहरू र सिद्धान्तहीन गठजोड गरिरहेको नयाँ शक्तिलाई पनि जनताले रुचाएनन् । अर्कोतिर यो निर्वाचनमा युरोपेली मिसन र क्रिस्चियन मेसिनरीद्वारा परिचालित नयाँ शक्तिहरूको उदय गम्भीर विषयका रूपमा प्रकट भएको छ। साझा पार्टी र विवेकशील पार्टी नामका समूहको उदयलाई त्यसरी हेरिएको छ । पुराना दलहरूप्रतिको वितृष्णाबाट बिच्किएको जनमत तावाबाट हामफालेर भुङ्ग्रोमा भनेझैँ नयाँ रूपमा पुरानै प्रवृत्तितिर प्रवृत्त भएका छन् । यो निर्वाचनले नेपाली जनतामा भारतीय साम्राज्यवादविरुद्ध व्यापक जनमत रहेको सुखद पक्षलाई प्रकट गरेको छ । नेकपा (एमाले) को नक्कली राष्ट्रवादले जनमतको सम्बोधन गर्ने सम्भावना देखिन्न। त्यसैले क्रान्तिकारी शक्तिहरूले नेपाली जनमतमा रहेको राष्ट्रवादी र क्रान्तिकारी चेतनाको नेतृत्व गर्न सक्नुपर्छ।

पहिलो चरणको निर्वाचनले नेपालमा भारतीय साम्राज्यवादपरस्त शक्तिहरूलाई झट्का दिएको छ। पहिलो चरणको जनमत हेरेर ती शक्तिहरूका बीचमा नयाँ ध्रुवीकरणको प्रयास हुनसक्ने देखिन्छ । त्यसप्रकारका प्रयासहरू पनि हुन थालेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले पहिलो चरणको निर्वाचनको परिणाम आउँदै गर्दा जनकपुरको एक कार्यक्रममा सरकारी गठबन्धन र मधेस केन्द्रित दलहरूका बीचमा चुनावी गठबन्धन गर्नुपर्ने र सदनमा प्रस्तुत संविधान संशोधनको विपक्षमा रहेका दलहरूलाई परास्त गर्नुपर्ने बताएका छन्। उता सङ्घीय लोकतान्त्रिक फोरमका अध्यक्ष उपेन्द्र यादवले मधेसवादी दलहरूले साझा उम्मेदवार दिने प्रयास भैरहेको बताएका छन् । यसपटकको निर्वाचनमा दिल्लीपरस्त भनिएका दलहरूको पराजयलाई नेकपा (एमाले) को लोकप्रियताभन्दा पनि भारतीय साम्राज्यवादविरोधी जनमतका रूपमा हेरिएको छ। भारतीय साम्राज्यवादपरस्त शक्तिहरूको पराजयलाई कतिपयले दिल्लीको अलोकप्रियताका रूपमा पनि हेरेका छन् । त्यसकारण उनीहरू दोस्रो चरणमा गुमेको साख फिर्ता लिने रणनीतिमा देखिन्छन् ।



पहिलो चरणको निर्वाचनमा सत्ता र राज्य ढुकुटीको व्यापक दुरुपयोग गरियो । प्रहरी र सेना प्रयोग गरेर व्यापक राज्यआतङ्क उत्पन्न गरियो । संसदीय संविधानप्रदत्त वाक् तथा प्रेस स्वतन्त्रताको व्यापक हनन भयो । शान्तिपूर्ण ढङ्गले चुनावका विपक्षमा जनमत निर्माण गर्न पनि दिइएन । नेकपाका कार्यकर्ताहरूलाई देख्नासाथ गिरफ्तार गर्ने आदेश फर्मान भयो। मध्यरातमा, सुतिरहेका वृद्धवृद्धा, नाबालिक र राजनीतिक दल र विचारप्रति स्वतन्त्र वा तटस्थ रहेका नागरिकसमेतलाई गिरफ्तार गरेर झूट्टा मुद्दामा फसाइयो । नेपालमा चुनाव आयोजना गरिएको हो कि सङ्कटकाल लगाइएको हो, बुझ्न गाह्रो हुने परिस्थिति उत्पन्न गरियो । कालीकोट, जुम्ला, मकवानपुरलगायत जिल्लामा जनता चुनावमा सहभागी नभएपछि घरघरमा पसेर पक्राउ गरेर घिसार्दै मतदान केन्द्रमा लगेका खबरहरू सार्वजनिक भए।

सत्तारूढ दलहरूले स्थानीय तहको चुनावलाई जनयुद्धका विरुद्ध संसदीय व्यवस्था लाद्ने र प्रतिक्रान्तिलाई संस्थागत गर्ने रणनीति लिएपछि शान्तिप्रक्रियाको एक पक्ष नेकपाले समानान्तर सत्ता निर्माण गर्ने घोषणा गर्दै आएको थियो। उसले चुनाव खारेजीअभियानलाई समानान्तर सत्ताअभ्यासका रूपमा व्याख्या गरेको छ। जेठ ८ गते काठमाडौँको एक कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोलाले उक्त दाबी गर्नुभएको हो । नो भोटको माग भैरहेको बेला कालीकोटमा शान्तिपूर्ण बहिष्कारको हकलाई राज्यले हनन गर्दै बर्बर दमन गऱ्यो । एकजनाको ज्यान नै गयो । पुनः मतदान तोक्दासमेत स्थानीय जनता

... बाँकी पृष्ठ ७ मा

# बन्दुकको घेराभित्र चुनाव गराउने प्रयास असफल



तस्बिर : दिया चन्द

■ **अम्बिका चन्द**/काठमाडौँ

कालीकोटमा सोमवार बिहान सात बजेदेखि नै सेना र प्रहरीले जनताका घर, दैलो, गोठ र मेलापातसम्म पुगेर मतदानमा सहभागी हुन उर्दी जारी गरे । दिनभर सयौँको सखयामा परिचालित प्रहरीले जिल्लाका माल्कोट, सल्लारूख, सेरापाटा, धनपाटा, राइटा, घोडेपाटा, पाग्रालगायत क्षेत्रमा मिनी अप्रेसन चलायो। त्यहाँ घरमा बसिरहेका र आफ्नो कामकाज गरिरहेका जनतालाई पनि प्रहरीले बन्दुक देखाएर मतदानमा भाग लिन चर्को दबाब दियो।

कम्युनिस्ट विरासत बोकेको क्रान्तिको अभेद्य किल्ला कालीकोटका मतदाताले मतदान बहिष्कार गरिरहे र प्रशासनले स्थानीय जनताभन्दा दोब्बरको सङ्खयामा प्रहरी परिचालन गर्दै जबर्जस्ती मतदातालाई भोट खसाल्न दबाब दियो । प्रशासनले निरङ्कुश राणाकालीन व्यवस्थाको झल्को दिने गरी यस्तो हर्कत गर्दा उनीहरूकै भाषाको लोकतान्त्रिक प्रणालीको उपहास भयो।

खासगरी माके कालीकोटका सांसद महेन्द्रबहादुर शाहीलगायतको दबाबमा मतदाता बाहिरिन सक्ने भन्दै सेना, सशस्त्र र जनपदलाई मुखय नाकाहरूमा तैनाथ गरी आतङ्कित बनाइयो । तर पनि हजारभन्दा बढी मतदाता भएको ठाउँमा सयको सेरोफेरोमा जबर्जस्ती मत खसालिएको बताइएको छ।

यो चुनाव हो कि विशेष फौजी अप्रेसन हो भनी नेकपाका नेताहरूले सोधेको प्रश्नमा प्रमुख जिल्ला अधिकारी गिरिधारी सुवेदीले अप्रेसन त होइन भनी निरीहता प्रदर्शन गरेका छन् । उनले निर्वाचनमा नेकपाका कार्यकर्ता र स्थानीयबाट असुरक्षा भएको भन्दै व्यापक सङ्खयामा सुरक्षाकर्मी परिचालन गरिएको प्रतिक्रिया विभिन्न सञ्चारमाध्यमहरूलाई दिए।

स्थानीय बासिन्दाहरूले भने आफूहरूको चाहनाविपरीत काममा गएको बेला पनि प्रहरीहरू गएर बन्दुक देखाउँदै तिमीहरू भोट हाल्न नगए राम्रो हुँदैन भन्दै जबर्जस्ती मतदान केन्द्रसम्म ल्याएको बताएका छन्।

गत वैशाख ३१ गते नै जनताको

... बाँकी पृष्ठ ७ मा

# बेइजिङ सम्मेलन र नेपालमा त्यसको प्रभाव

**देश/परिवेश**

■ अनलि शर्मा

वैशाख ३१ गते चीनको राजधानी बेइजिङमा 'बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल कोअपरेसन सम्मलेन' सम्पन्न भएको छ। सन् १९१७ मे १४ र १५ तारिखमा भएको उक्त विश्व सम्मेलनको विश्वव्यापी प्रभाव विस्तार भएको छ । नेपालमा त झनै बढी प्रभावित देखिन्छ । त्यसैले त्यसको विश्वमा मूलतः नेपाली चस्माले हेर्ने प्रयास गरिएको छ।

एक पाटो एक बाटो ९इलभ दभति, इलभ च्यबम० अवधारणाका सम्बन्धमा बेइजिङ प्रथम सम्मेलनमा भाग लिएर फर्केको अर्को दिन मनिलाको एक कार्यक्रममा फिलिपिन्सका राष्ट्रपति रोड्रिगो हुर्टेटेले 'एक पाटो एक बाटो सम्झौताले आसियानका निम्ति अत्यन्त लाभकारी हुनेछ' भनेका थिए। उनले उक्त सम्झौतालाई मुक्तकण्ठले सम्झौता गर्दै अथाह लाभकारी हुने बताएका थिए । त्यसरी प्रशंसा गर्ने उनी एक्लो राष्ट्र प्रमुख होइनन् समर्थन र विरोधका समानान्तर स्वर सुनिए पनि चीनको आर्थिक र प्राविधिक प्रभावका कारण विरोधको स्वर 'पानीको फोका' सरह निस्तेज भएको छ।

नेपालले ५ वर्ष अगाडि नै 'एक पाटो एक बाटो' परियोजनामा भाग लिने, संस्थापक सदस्य बन्ने प्रतिबद्धता व्यक्त गरेको थियो। तर लामो समयसम्म औपचारिक सम्झौता नभएका कारण चीन निराश हुँदै गएको थियो। उक्त विश्व परियोजनाले दक्षिणएसियामा चीनको प्रभाव बढ्ने भन्दै भारतले असन्तुष्टि प्रकट गर्दै आएको छ। उसले दक्षिणएसियामा उक्त परियोजनालाई अवरोध गर्दै आएको छ। भारतले उक्त परियोजनामा समावेश हुनबाट नेपाललाई रोक्न दिएको दबाबका कारण नेपाल अनिर्णयको बन्दी बन्दै आएको थियो । चीन, अन्य सहयोगी देश र व्यापक जनदबाबका कारण अन्तिममा लड्बडाउँदै नेपाल सहभागी भयो ।

ओबरमा हस्ताक्षर भएलगत्तै अत्यन्त हर्षित चीनले नेपालमा भएको स्थानीय तहको निर्वाचनलगत्तै औपचारिक रूपमा स्वागत गऱ्यो भने भारतीय प्रम मोदीले नयाँदिल्लीको एक कार्यक्रममा 'नेपालमा सङ्क्रमणकाल लामो समयसम्म लम्बिने' प्रतिक्रिया दिएका थिए । नेपाल ओबरमा सहभागी भएको असन्तुष्टि दिल्लीले सङ्क्रमणकाल लम्ब्याउन भूमिका निर्वाह गरेर नेपाललाई दण्डित गर्नसक्ने त्रास पैदा भएको छ।

नेपालले अन्तिम समयसम्म ओबरमा हस्ताक्षर नगर्दा चौतर्फी शङ्का र निराशा पैदा भएको थियो । ओबरबाट नेपाल पछाडि हटेको भए नेपाल भारतीय सुरक्षाभित्र कैद हुन्थ्यो र चीनले गर्दै आएको सहयोग अवरुद्ध हुनसक्थ्यो । नेपाल चीनको दबाबबाट मुक्त भएर बस्न पनि सहज थिएन। चीनप्रति नरम शक्तिकेन्द्रहरू पनि क्रियाशील थिए । अन्ततः नेपालले लड्खराउँदै कनिष्ठ मन्त्री नै



भए पनि ओबरमा पठायो। एक पाटो एक बाटोको संस्थापक बन्यो । नेपाल सहभागी नहुँदा सबैभन्दा नजिककै छिमेकी मनाउन नसकेको, विश्वासमा लिन नसकेको दोषारोपण चीनमाथि लगाइनसक्थ्यो। चीन-नेपाल दूरी बढ्दै जाने र नेपालमा चीनविरोधी अखडा बनाइने पश्चिमी तथा भारतीय मनसुवा पूरा हुनसक्थ्यो । त्यसरी हेर्दा नेपाल, चीन मात्र होइन, ओबरमा सहभागी देशहरूसमेतकै लागि नेपालको सहभागिता उपलब्धिपूर्ण रहेको छ।

नेपालले ओबरमा सहभागिता जनाउनासाथ उपहारस्वरूप चीनले झापा, दमकमा औद्योगिक क्षेत्र, सीमा क्षेत्र (नेपाल-चीन) मा आर्थिक क्षेत्र निर्माण र सीमा जोडिएका जिल्लाका स्वास्थ्य चौकीको क्षमता विस्तारमा सहयोग गर्ने भएको छ । नेपालको तराईमा चिनियाँ लगानीप्रति असन्तुष्ट भारत र सरकारी सञ्चारले त्यसलाई नकारात्मक रूपले प्रचार गरेका

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# चुनौती र गर्वका दुई वर्ष

हामीले प्रकाशनको दुई वर्ष पार गरेका छौँ । जनपक्षीय सञ्चारमाध्यमको खडेरी परेर समाजलाई कर्पोरेट बिगहाउस बजारले गाँजिरहेको समयमा रातो खबर साप्ताहिकको प्रकाशन मरुभूमिमा पानीको थोपासरह बनेको अनुभूति हामीले गरेका थियौँ । हामीले प्रकाशन आरम्भ गर्दा नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्न अझै ज्वलन्त बनेर आएका थिए । देशमा महाभूकम्पले जनता भग्नावशेषमा पुरिएको अवस्था थियो भने दलाल संसद्वादका मन्त्रीहरू जनताका लागि विदेशीले दिएको राहत पनि बेचेर खाएको अवस्था थियो । माओवादीका नाममा एउटा समूह दलाल पुँजीवादको रक्षक बनेर हिजो महान् जनयुद्धले स्थापित गरेका मूल्य र मान्यता ध्वस्त बनाइरहेको र पुष्पकमल दाहाल नेतृत्वको उक्त समूहले आफू माओवादी भएको झूट बोलिरहेको समयमा दाहाल गुटको पलायन र क्रान्तिकारी जनताको आवाज बुलन्द पार्न पनि एउटा सशक्त सञ्चारमाध्यमको आवश्यकता थियो । रोजगारी र उत्पादनको वृद्धि नभएको अवस्था र जनतामाथि लादिएको महँगीले ढाड सेकिरहेको अवस्थामा जनतालाई भोक लागेको, उत्पीडन भएको कुरा व्यक्त गर्न पनि एउटा प्रस्ट विचार र जनताको धार बोकेको सञ्चारको आवश्यकता थियो । त्यसैले त्यतिबेला रातो खबरको प्रकाशन एउटा ठूलो आशा र भरोसाको केन्द्र बनेको थियो ।

समयक्रममा रातो खबर आफ्नो प्रकाशनको उद्देश्य प्राप्तिको दिशामा निर्भीकतासाथ अघि बढेको छ र हरेक किसिमका चुनौतीहरू झेल्दै र गौरवशाली क्षणहरू पार गर्दै हामीले प्रकाशनका दुई वर्ष पार गरेका छौं । यतिबेला रातो खबर देशभर र गाउँगाउँसम्म पुगेको छ र जनताको असली समाचार प्रकाशन गर्ने माध्यम पनि बनेको छ । हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकालई नै केन्द्रमा राखेका छौँ । जनताका बीचमा वर्तमान सत्ताको दलाल चरित्रको भण्डाफोर गर्दै जनवादी सत्ताको पक्षपोषण गरेको आरोप लगाउँदै सरकारी निकायबाट हामीले खबरदारी पनि सहिरहेका छौँ । कथित स्थानीय तहको चुनावको खारेजीका सन्दर्भमा सरकारले हाम्रो प्रकाशन र यस प्रकाशनका सदस्यमाथि गरेको धरपकड र आक्रमणदेखि सरकारी निकायबाट निरन्तर आइरहेका सचेततापत्रहरूले पनि के देखाइरहेका छन् भने रातो खबर देश, जनता र उत्पीडित वर्गको स्वतन्त्रता र मुक्तिको शक्तिशाली आवाज बन्न सफल भएको छ ।

दलाल संसद्वादले राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि निरन्तर आक्रमण गरिरहेको छ । कथित स्थानीय तह चुनावको खारेजीअभियानका क्रममा यो सरकारले देशभरबाट सयौं नेता र कार्यकर्तालाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाएर हिरासतमा कोचेको छ । विदेशी र विशेषगरी भारतीय साम्राज्यवादले आफ्नो स्वार्थ र योजनाअनुसार सरकार परिवर्तन गरिरहेको छ । उसको डिजाइनमा सम्पन्न कथित स्थानीय तहको पहिलो चरणको चुनावपछि पुष्पकमल दाहाललाई हटाएर देउवालाई सरकारप्रमुख बनाउने उसको तयारी अन्तिम चरणमा पुगेको छ । दाहाललाई प्रधानमन्त्री बनाएर नेपालको राजनीतिक इतिहासकै निकै ठूलो कलंकका रूपमा गनिने २५ बुँदे सम्झौतामा ल्याप्चे लगाउन लगाउने भारतले अब फेरि शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाएर राष्ट्रघाती महाकाली सन्धिजस्ता अरू सन्धिहरू गराउनेमा कुनै द्विविधा छैन । त्यही महाकालीमा राष्ट्रघात गर्ने केपी ओलीहरू यतिबेला राष्ट्रवादको नक्कली जामा पहिरेर स्थानीय तह चुनाव आफ्नो पक्षमा पार्ने होडमा छन् । अर्को चरणको चुनावको नाटक गर्ने र अहिले हारेको झोकमा अरु राष्ट्रघाती सन्धिसम्झौता गरी विश्वासपात्र बन्ने खेल अघि बढाउने खतरनाक अवस्था विद्यमान छ । यतिबेला हाम्रो आवश्यकता झन् बढी देखिएको छ ।

दाहालले प्रतिक्रियावादसामु आत्मसमर्पण गरिसकेपछि प्रतिगामी शक्तिहरू माकेलाई सक्कली माओवादीका रूपमा परिभाषित गर्न न्वारानदेखिको बल लगाइरहेका छन् । कथित स्थानीय तह निर्वाचनमा माकेले कतै राप्रपा, काङ्ग्रेस, कतै कोसँग गरेको चुनावी तालमेलले पनि माके वैचारिक, राजनीतिक स्खलन र दलालीको पराकाष्टामा पुगेको कुरा जनस्तरमा स्थापित भइसकेको छ । चुनाव जसले जिते पनि एउटै हो, मुख्य कुरा यो व्यवस्था र संविधान कार्यान्वयन गर्न सबै बाधा अन्त्य गरी चुनाव सम्पन्न हुनैपर्छ भन्ने दाहालको भनाइले उनी कुनै पनि मूल्य चुकाएर यो संसदीय व्यवस्थाको जरो गाडेरै छाड्ने योजनामा छन् र उनले आफूलाई पराईले अराएखटाएको जिम्मेवारी पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन् भन्ने कुरा बुझ्न अब धेरै मस्तिष्क खियाइरहनुपर्ने अवस्था छैन ।

यसरी राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि सङ्कट बढिरहेको अवस्थामा रातो खबरको यात्रा झनै चुनौतीपूर्ण, सम्भावना र गर्वयुक्त बन्दै गएको छ । रातो खबरको यात्रा झनै रातो बन्दै गएको छ । प्रतिक्रियावादी सत्ता जति प्रतिगामी बन्दै जान्छ यसले देश र जनताका जल्दाबल्दा समस्यहरूका साथै दार्शनिक, वैचारिक, राजनीतिक विषयहरूमा पनि उत्तिकै चासो, चिन्ता र बहस बढेको छ । हामी देश र जनतामाथि आइपर्ने सबै समस्यालाई आफ्नो चासो र चिन्ताको विषय बनाउन तत्पर छौं । देश र जनताले यस किसिमका गम्भीर समस्या झेलिरहेको अवस्थामा रातो खबरले समस्या झेल्ने अवस्था उत्पन्न हुनु कुनै नयाँ वा अस्वाभाविक कुरा होइन । हामीलाई लागेको छ- हामी नेपालमा एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना नभएसम्म यो समस्या झेलिरहन तयार छौँ । हामीलाई यस किसिमको चुनौतीको सामना गर्न तपाईं लेखक, पाठक, विज्ञापनदाता, शुभचिन्तक सबैको सयोग अपरिहार्य छ । हाम्रो तेस्रो वर्ष पनि यसैगरी चुनौती र गर्वकै बीच अघि बढ्नेछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# स्थानीय चुनाव खारेजीको सान्दर्भिकता

“ नेपाली काङ्ग्रेस-माओवादी केन्द्र, एमाले-माओवादी केन्द्र, एमाले-राप्रपा, काङ्ग्रेस-माओवादी केन्द्र-राप्रपाका बीचमा चुनावी तालमेल र एकता भएका छन् । गएको संविधानसभाको चुनावबाट ठूला बनेका मुख्य चारवटा पार्टीहरूका बीचमा चुनावी तालमेल र एकता हुनुले नेपालमा परम्परागत संसदीय व्यवस्थाभन्दा पनि विकृत र छाडा संसदीय व्यवस्थाको अभ्यास भैराखेको छ ।



गुणराज लोहनी

### सन्दर्भ

सन् २०१४ मा भारतमा प्रधानमन्त्रीको चुनाव हुँदै थियो । टाइम्स अफ इन्डियाले अमर्त्य सेन र जगदीश भागवतीजस्ता विश्वचर्चित अर्थशास्त्रीहरूको अन्तर्वार्ता लिएको थियो । उक्त पत्रिकाका प्रतिनिधि सुभब्रता गुहाले अमर्त्य सेनसँग पहिलो प्रश्न गरेका थिए- अर्थशास्त्रमा नोबेल पुरस्कार विजेता तपाईंले आफ्नो गृहस्थल पश्चिमबङ्गालको भोलपुरबाट बुधबार भारतीय जनता पार्टीलाई मतदान गर्दै हुनुहुन्छ हैन ? उत्तरमा उनले अब बन्ने मोदी सरकारले भारतमा धर्मनिरपेक्षताको व्यावहारिक कार्यान्वयन गर्ने प्रत्याभूति, भारतका सबै जनताका सन्तानलाई समान, निःशुल्क र अनिवार्य शिक्षा, सबैलाई स्वास्थ्य सेवा, हिन्दु धर्मभित्रको छुवाछूतको अन्त्य, स्वच्छ पानी र समान अवसरको सुनिश्चितता गर्छ भने म प्लेन चढेर भए पनि भोट हाल्न आउँछु भनेका थिए । सेनको प्रतिवाद गर्दै जगदीश भगवतीले भारतमा जन्मिने, यहाँ नै पढ्ने विदेशमा गएर भारतको विरोध गर्न पाइँदैन भनेका थिए । त्यसको प्रत्युत्तर सेनले माथि उठाइएका मद्दा लागू हुँदैन भने म मतदान गर्दिनँ भनेर दिएका थिए । सायद उनले उक्त चुनावमा मतदान गरेनन् ।[१] त्यस समयमा सेन भारतीय अर्थतन्त्रको दयनीय अवस्था समेटिएको नयाँ किताब अनसर्टेन ग्लोरी लेखिसकेका थिए ।

भाजपालाई विजयको घोषणा गराएपछि मे १९, २०१४ मा द हिन्दुमा गोपीकृष्ण गान्धीको मोदीलाई खुलापत्र छापिएको थियो । उक्त पत्रमा अमर्त्य सेनले उठाएका मुद्दालाई पूरा गर्न अनुरोध गरिएको थियो । तर अहिलेसम्म ती कुनै पनि मुद्दा पूरा भएका छैनन् । किनकि भारतमा संसदीय व्यवस्था छ । तर संसदीय व्यवस्थाका हिमायती अमर्त्य सेन र गोपीकृष्ण गान्धीले राखेको अपेक्षा पनि पूरा गरिहेको छैन ।

### संसदीय व्यवस्थाका खराबीहरू

मुट्ठीभरले शासन गर्छन् ।

संसदीय व्यवस्थामा ‘बहुमतले सरकार चलाउने, अल्पमतले प्रतिपक्षमा बस्ने’ भन्ने गरिन्छ तर व्यवहारमा यस्तो हुने गरेको छैन । संसदीय प्रणालीमा सबै जनताले मतदान गरेका हुँदैनन् । २०६४ सालमा १८ वर्ष नाघेका १ करोड ७६ लाख ११ हजार ८ सय ३२ मध्ये केवल १ करोड ३ लाख ६ हजार ४ सय १८ ले मात्र मतदान गरेका थिए । उक्त तथ्याङ्कअनुसार पहिलो संविधानसभा चुनावमा ७३ लाख ५ हजार ४ सय १३ जनाले मतदान गरेका थिएनन्[२] । २०७० को संविधानसभाको चुनावमा त्योभन्दा कम १ करोड २१ लाख ४७ हजार ८६५ मात्र मतदाता रहेका थिए जुन २०६४ सालको भन्दा ५४ लाख ६३ हजार ९ सय ६७ जना कम हो । त्यसैले पहिला नै मतदाता सङ्ख्या घटाएर ३१ प्रतिशत मतदातालाई दोस्रो संविधानसभामा मतदान गर्नबाट वञ्चित गरिएको थियो । यो संसदीय व्यवस्थाको विशेषता नै हो । २०७० को चुनावमा ८९ लाख ५६ हजार ६५५ मा झरेको थियो । ६ वर्षपछि स्वतः मतदाता सङ्ख्या बढ्नु पर्ने हो । तर पनि २०६४ सालको मतदाता सङ्ख्यालाई आधार मान्ने हो भने ५०.८ प्रतिशतले मात्र मतदान गरेका थिए ।

दोस्रो संविधानसभामा काङ्ग्रेसले खसेको मतको २६ लाख ९४ हजार ९८३, एमालेले २४ लाख ९२ हजार ९०, माओवादी केन्द्रले १६ लाख ९ हजार १४५, राप्रपा नेपाल ६ लाख २४ हजार २८१ र फोरमले २ लाख ६६ हजार २७६ मत प्राप्त गरेका थिए ।[३] अहिले काङ्ग्रेस र माओवादी केन्द्रको संयुक्त सरकार छ । काङ्ग्रेसले गत चुनावमा केवल १५.३ प्रतिशत र माओवादी केन्द्रले ९.१३ प्रतिशत मात्र मत प्राप्त गरेका थिए । त्यसैले अहिले केवल मतदाताको २४.४३ प्रतिशत मत ल्याएका दलहरूले शासन चलाइरहेका छन् ।

नेपालमा मात्र होइन, विगत ७० वर्षदेखि संसदीय व्यवस्थाको अभ्यास गर्दै आएको भारतमा सन् २०१४ मा भारतीय जनता पार्टीले केवल ३१ प्रतिशत मात्र मत ल्याएको थियो जब कि मोदी सरकारलाई दुईतिहाइ समर्थन छ भन्छन् ।

२०७२ साल असोज ३ गते संविधानको घोषणापछि बनेका सरकार र तिनीहरूका क्रियाकलाप हेर्दा वर्तमान राज्यप्रणाली उनीहरूले भन्दै आएको चुनावी प्रक्रियाअनुसारको बहुमतका आधारमा नभएर मुट्ठीभरको बन्ने गरेको छ । पछिल्लो क्रममा दलाल पुँजीवादी र त्यसमा निगम पुँजीवादीहरूले सञ्चालन गरेका छन् । उनीहरूले प्रायोजन गरेको चुनावी प्रक्रिया र राज्यप्रणाली नेपालको सन्दर्भमा १ प्रतिशतभन्दा कमले सञ्चालन गर्नेखालको बनाएका छन् । व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, सुरक्षा निकाय, नोकरशाहीतन्त्र मात्र राज्यसञ्चालनमा रहेको हुन्छ । मतदान गरेपछि जनताको राज्य सञ्चालनमा कुनै सहभागिता रहँदैन ।

### लोकतन्त्रको नाममा फासिवाद

सन् २००० पछि विश्वका अति धनी वा धनी राष्ट्रहरूसमेत परम्परागत साम्राज्यवादी पुँजीवादी राज्यसंरचनाभन्दा पनि निगम पुँजीवादी (हाम्रो पार्टीले उत्तरसाम्राज्यवादी भन्दै आएको छ) संरचनामा प्रवेश गरेको छ । यसले केही निगमगृहहरूको आर्थिक लाभ, लुटखसोटका लागि जे पनि गर्ने प्रवृत्ति रहँदै आएको छ । विश्वका निगम पुँजीपतिहरूले गरिब राष्ट्रका सीमाहरू मेटाउने गरेका छन् । तर धनी राष्ट्रहरूले अति राष्ट्रवादको नारा दिने गरेका छन् । पछिल्लो क्रममा अमेरिकामा डोनाल्ड ट्रम्प र भारतमा नरेन्द्र मोदीहरूले यही नारा दिएर चुनाव जितेका छन् । राष्ट्रवादको नाराभित्र धर्मलाई राखेर बहुसङ्ख्यक जनतामाथि दमन गरिरहेका छन् । भारतमा मोदीको आगमसँगै त्यहाँका हिन्दु धर्मबाहेकका सबै जनतामा फासिवाद लागू गरेका छन् । अमेरिकामा क्रिस्चियन र गोरो छालाबाहेक अन्यलाई दमन गरिराखेका छन् । नेपालमा पनि धर्म, जातजातिका नाममा संविधान नमान्ने, फरक विचार राख्ने मूल रूपमा श्रमजीविमाथि यो सत्ताले उसैले बनाएको कानून, नियमको ख्याल नगरिकन दमन गरिरहेको छ । उनीहरूले बनाएको संविधानमा उल्लेख गरिएका अधिकारहरूमाथि पूर्ण प्रतिबन्ध लगाएका हुन्छन् ।

नेपालमा विगतमा भएका सबैखाले राजनीतिक सङ्घर्षबाट प्राप्त अधिकारहरू संसदीय व्यवस्थाको पुनर्स्थापनापछि गुम्दै गइरहेका छन् । पहिलो संविधानसभाको अन्त्यसँगै यो प्रक्रिया तीव्र भएर गएको छ । राजनीतिक माग राखेर कार्यक्रम गर्न अघोषित रूपमा निषेध गरिएको छ । महँगी आकासिएको छ । भ्रष्टाचारीलाई खोजीखोजी सरकार र प्रशासनमा नियुक्त गरिन्छ । संविधानमा शिक्षा र स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा परिभाषित गरिएको छ । तर यी दुवै क्षेत्र असाध्यै महँगो भएका छन् । गाँस, बास र रोजगारीको समस्या चरम छ । १८ देखि ४० वर्ष उमेरका ६९ प्रतिशत जनशक्ति रोजगारीका लागि बिदेसिएका छन् । दलित र महिलाहरू दिनदिनैजसो मारिएका छन् । केही मुट्ठीभर नेता, नोकरशाह, निगमगृहका मालिकहरू रातारात धनी भएका छन् । दस वर्षभित्र प्रतिव्यक्ति ऋण १३ हजार २ सय ९ बाट बढेर १९ हजार ४ सय ८४ पुगेको छ । तर देश जनता झन् गरिब र ऋणी भैराखेका छन् ।

### जनतन्त्र, जनजीविका र राष्ट्रियता

नेपालको आन्तरिक र बाह्य राष्ट्रियता इतिहासमा नै सर्वाधिक सङ्कटमा रहेको छ । सङ्घीयताका नाममा भारतीय र युरोपेली गुरुयोजना लागू गर्न खोजिएको छ । तर नेपालका विभिन्न राष्ट्रियता (जातीय सवाल) लाई पूर्ण रूपले विखण्डित गरिएको छ । सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने नाममा ७ सय ४४ वटा सिंहदरबार बनाएर स्थानीय तहमा प्रत्यक्ष शोषण, दमन र उत्पीडन गर्न सहज बनाउने काम गरिँदैछ । जनताले खोजेको स्वायत्ततामाथि बन्ध्याकरण गरिएको छ ।

भारतीय साम्राज्यवादको प्रत्यक्ष हैकम नेपालमा चल्ने गरेको छ । अहिले आएर सूक्ष्म व्यवस्थापनमा पनि भारत पुगेको छ । पछिल्लो संविधान निर्माण, अहिलेको स्थानीय चुनाव, यहाँ बन्ने र विघटन हुने गरेका सरकारको प्रक्रियालाई लिएर सहजै यो बुझ्न सकिन्छ । दिनदिनैजसो देशको सिमाना मिचिएको छ । पछिल्लोक्रममा त भारतीय सुरक्षा फौज आएर नेपाली नागरिकको हत्यासमेत गरिरहेको छ ।

नेपालका संसदीय राज्यप्रणालीअन्तर्गतका सबै अङ्ग मूल रूपमा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, अर्थप्रणाली, सुरक्षा निकाय र नोकरशाहीतन्त्र वैचारिक र आर्थिक रूपले भ्रष्ट भैसकेका छन् । व्यवस्थापिकामा बन्ने विधेयक, संशोधन यहाँको चाहनाअनुसार हुँदैन । कार्यपालिकाको गठन व्यवस्थापिकाले गर्छ । तर सांसदहरूको इच्छामा नभएर बाहिरको हुकुमका भरमा बन्छ । केपी ओलीको सरकार ढलेर प्रचण्डको सरकार बन्नु र प्रचण्डले सरकार छाडेर शेरबहादुर देउवाको बन्दैछ । यी घटनाले यसैलाई पुष्टि गर्छ । न्यायपालिका पनि त्यही हो । एउटै खालको मुद्दामाथिको फैसला फरकफरक हुने गरेको छ । बाहिरको निर्देशन आएन भने कुनै मुद्दा बर्सौं फैसला नभईकन बस्छ । प्रशासन, सुरक्षा निकायमा कसलाई नियुक्त गर्ने भन्ने योजना पारिबाट आउँछ । त्यसैले यी सबै निकायका कामदारहरू देश र जनताप्रति बफादार नभएर दक्षिण ताक्ने गरेका छन् । यी त भए वर्तमान नेपालको संसदीय व्यवस्थाका विशेषताहरू ।

नेपालमा प्रतिक्रियावादी राज्यप्रणाली ध्वस्त पारी जनताको राज्यव्यवस्था स्थापना गर्ने उद्देश्यले जनयुद्ध गरिएको थियो । जनयुद्धको विकास हुँदै गर्दा राजतन्त्रको अन्त्य गर्नका लागि हिजोका संसद्वादी दलहरू पनि तत्कालीन माओवादीसँग संयुक्त मोर्चा बनाउन तयार भएका थिए । त्यही क्रममा तत्कालीन संसद्वादी ७ दल र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का बीचमा १२ बुँदे समझदारी भएको थियो । त्यही समझदारीको जगमा १९ दिने आन्दोलन भयो र राजतन्त्रको अन्त्य हुन पुग्यो । भारतीय शासकहरूको योजनाबमोजिम माओवादीका केही नेताहरूलाई समातेर यहाँका संसद्वादी शक्तिले माओवादी मुद्दा र १२ बुँदे समझदारीलाई लत्याउन पुगे । त्यसैको परिणाम नेपालमा पुनः संसदीय व्यवस्था स्थापना भयो । अहिलेसम्म कुनै पनि सहमति लागू भएको छैन । जनयुद्धमा पुरानो राज्यद्वारा हत्या गरिएकाहरूलाई सहिदको दर्जा दिइएको छैन । राज्यद्वारा बेपत्ता गरिएकाहरूको खोजी गरिएको छैन । घाइतेहरू आधा जीवन लिएर बाँचेका छन् । हिजो लगाइएका मुद्दाहरू भटाभट उल्ट्याइएको छ । तर जनयुद्धका कमान्डरका रूपमा चिनिने प्रचण्डलगायत केही दर्जन मान्छेहरू अर्बपति बन्न पुगेका छन् । जनता, कार्यकर्ता, सहिद परिवार, बेपत्ता परिवार र घाइतेहरूको जीवन झनै अभावमय र कष्टप्रद बन्दै गएको छ ।

अहिले स्थानीय तहको चुनाव ‘संविधानसभा २०७२’ का आधारमा भएको छ । त्यो चुनाव अन्तरिम संविधानविपरीत र १२ बुँदे समझदारीका साथै त्यसपछिका सहमति सम्झौताविपरीत खिलराज रेग्मीको नेतृत्वमा बनेको चुनावी सरकारले संविधानसभाको चुनाव गरेको थियो । त्यसमा वास्तविक मतदाता सङ्ख्याको केवल ४७.६९ प्रतिशतले मात्र मतदान गरेका थिए । त्यसैको ४२ प्रतिशतले यो संविधान बनाएको हो ।

### विचार, राजनीति, पक्षधरताको मिसमास र निर्दलीयताको अभ्यास

वास्तवमा अहिले भएको स्थानीय तहको चुनावमा केवल संसदीय राजनीतिक पार्टीहरूका बीचमा भागबन्डा मात्र भएको छ । हिजो पञ्चायती कालमा भूमिगत गिरोह, भारतीय शासकहरूका नेपाली प्रतिनिधिहरूका बीचमा भागबन्डा गर्नका लागि चुनावको नाटक गर्थे । यो चुनावमा त्यही भएको छ । नेपाली काङ्ग्रेस-माओवादी केन्द्र, एमाले-माओवादी केन्द्र, एमाले-राप्रपा, काङ्ग्रेस-माओवादी केन्द्र-राप्रपाका बीचमा चुनावी तालमेल र एकता भएका छन् । गएको संविधानसभाको चुनावबाट ठूला बनेका मुख्य चारवटा पार्टीहरूका बीचमा चुनावी तालमेल र एकता हुनुले नेपालमा परम्परागत संसदीय व्यवस्थाभन्दा पनि विकृत र छाडा संसदीय व्यवस्थाको अभ्यास भैराखेको छ ।

### जनयुद्ध र जनआन्दोलनको मान्यताविपरीत

यो संविधान जनयुद्ध र जनआन्दोलनको माग र भावनाविपतरित बनेको हो । यो विकृत संसदीय व्यवस्थाअन्तर्गतको संविधान हो । त्यही विकृत संसदीय व्यवस्थालाई सुदृढ गर्न र संसदीय संविधानलाई तल्लो निकायबाट कार्यान्वयन गर्नका लागि यो चुनाव गराइएको छ । त्यसैले यसलाई जसरी पनि खारेज गर्नुपर्छ । संसद्वादीहरूले जसरी स्थानीय तहबाट संविधान कार्यान्वयन गरेर संसदीय व्यवस्थालाई सुदृढ गर्दैछन् ठीक त्यसैगरी नेपालका सच्चा क्रान्तिकारी, जनयुद्धको वैध र एक मात्र उत्तराधिकारी नेपाल कम्युनिस्ट पार्टीले यो चुनावलाई खारेज गरी जनसत्ता निर्माण गर्ने नीति लिएको छ । त्यसैले वास्तविक जनगणतन्त्र स्थापना, मेहनतकश जनताका अधिकार हरूलाई सुनिश्चित, राष्ट्रियता, सार्वभौमिकता बचाउन र क्षेत्र, भाषा, संस्कृतिका आधारमा भइरहेको दमन, शोषण र उत्पीडनबाट मुक्त हुन यो चुनाव खारेज गरौँ । जनसत्ता निर्माण गरौँ ।

टिपोट

१-द टाइम्स अफ इन्डिया, अप्रिल ३०, २०१४
२-संविधानसभा सदस्य निर्वाचन, २०६४ निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग काठमाडौँ, जेठ, २०६५
३-संविधानसभा सदस्य निर्वाचन, २०६४ निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग काठमाडौँ, २०७०

# एकता र फुटको द्वन्द्ववाद



उमा भुजेल 'शिलु'

कम्युनिस्ट आन्दोलनमा एकता र फुटको प्रश्न सधैँ एउटा जटिल र संवेदनशील प्रश्न रहिआएको छ। हामी र हाम्रो समाजमा एकतालाई निरपेक्ष रूपमा स्वीकार गरिन्छ र फुटप्रति निरपेक्ष रूपमा नकारात्मक रहेको छ। विषयलाई सतही रूपमा हेर्दा त्यो सही नै हो। एकता भन्दा जति आनन्द लाग्छ, फुटभन्दा त्यति प्रिय लाग्दैन। फुट र एकताका कारणहरू खोज्दा चित्र अर्कै हुन्छ। यसलाई धेरैले गम्भीरतापूर्वक विश्लेषण गरेका हुँदैनन्। बरु विषय र घटनाको सारतत्वलाई तोडमोड गर्ने, रूप पक्षलाई मात्र हेरेर निष्कर्ष निकाल्ने गरेको देखिन्छ। हाम्रो समाजमा 'कागले कान लग्यो भन्दा कान छाम्ने भन्दा पनि कागको पछि पछि दगुर्ने' प्रवृत्ति हाबी छ। विषय र घटनालाई विभिन्न कोणबाट हेर्ने आलोचनात्मक सोचाइ कमजोर छ। कुनै विषय आउनासाथ तुरुन्त समर्थन वा विरोध भैहाल्छ। हामीले हाम्रै जीवनमा त्यसप्रकारको स्थितिको अनुभूति गरिरहेका छौँ। त्यसकारण फुट र एकताको द्वन्द्ववादी दृष्टिकोण निर्माण गर्न आवश्यक छ।

जब हामीले प्रचण्ड-बाबुरामको धोका र गद्दारी देख्यौँ, जब हामीले क.किरणको अकर्मण्यताले समस्या पारेको देख्यौँ तब हामीले प्रचण्ड-बाबुराममण्डलीका विरुद्ध विद्रोह गर्‍यौँ र क. किरणका विरुद्ध सम्बन्धविच्छेद गर्‍यौँ। अर्को शब्दमा भन्दा हामी फुट्न बाध्य भयौँ। त्यसबेला जोडकोण र स्तर फरक भएपनि प्रायः सबैले फुट्नु गल्ती हो भनेका थिए। फुटेर होइन जुटेर पो केही गर्न सकिन्छ भन्ने कुरा त्यत्ति गल्ती पनि होइन। अस्वाभाविक मान्नुपर्ने विषय पनि होइन। तर त्यत्ति सरल ढङ्गले विषयलाई हेरेर सही निष्कर्ष निकाल्न सकिन्न। त्यसप्रकारको मनोगतवादी धारणाले गलत परिणाम निस्कन्छ। त्यसैले सबै विषय जसरी एकता र फुटका विषयमा कारण र कार्य खोज्नुपर्छ। फुट र एकता दुवैमा केही राम्रा र केही नराम्रा पक्षहरू निहित हुन्छन्। कहिलेकहीँ फुटमा असल पक्ष र एकतामा खराब अथवा जनविरोधी पक्ष हुनसक्छन्।

अर्कोतिर फुटमा एकताका आधारहरू हुन्छन्। एकातिर फुट्दा अर्कोतिर एकताका आधार तयार हुन्छन्। एकता र फुटको प्रश्नमा त्यसरी द्वन्द्ववादको सार्वभौम नियम लागू भैरहेको हुन्छ। जब वर्गीय दृष्टिकोण मिल्छ, वर्ग मिल्छ, लक्ष्य र उद्देश्य मिल्छ, क्रान्तिको बाटो मिल्छ त्यहाँ एकता हुन्छ अथवा एकताको आधार तयार हुन्छ। जहाँ ती विषयहरूमा अन्तर पर्छ त्यहाँ फुट वा विभाजन हुन्छ। त्यसैले एकताका लागि एकता र फुट्नका लागि मात्र फुट्ने दुवै सोचाइहरू गलत छन्। यो गम्भीर समस्या हो। यसलाई सच्याउन आवश्यक छ।

हाम्रो आफ्नै उदाहरण लिऔँ, प्रचण्ड-बाबुरामदेखि किरणहरूसँगको सम्बन्धविच्छेद र हाम्रो पार्टीको हालको अवस्थालाई नियाल्दा, धेरै अन्तर र फरक पाइन्छ। हाम्रो अगाडिका घटना र तथ्यहरूले के पुष्टि गर्दै गइरहेको छ भने हामी फुटेर अर्को पार्टी बनायौँ, ठीक गर्‍यौँ। हामीमा यति अन्तर र फरकपना छ कि एकातिर प्रचण्ड-बाबुराम अर्कोतिर हामी नदीका दुई किनारा, जुन कहिल्यै मिल्दैन र जोडिँदैन, जोड्न सकिँदैन पनि। हो हामी कुनैबेला एकै ठाउँमा थियौँ। भिन्न ठाउँमा उभिएर सास फेर्दा पनि एउटै समयमा एकै र एउटै सास फेरिरहेको अनुभूति गर्दथ्यौँ। हाम्रो एउटै लक्ष्य र उद्देश्य थियो। एउटै बाटो थियो। जतिबेला प्रचण्ड-बाबुरामले जनयुद्धको मुख्य नेतृत्व गर्दै थिए। संसदीय व्यवस्थालाई ध्वस्त गरेर जनताको व्यवस्था नयाँ जनवाद, समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्य थियो। प्रतिक्रियावादी सत्ता ध्वस्त गरी जित्नका लागि गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धको रणनीतिअनुरूप युद्ध अगाडि बढाउँदै थिए। जसको फलस्वरूप गाउँमा जालीफटाहा र सामन्तहरूप्रतिको कारबाहीले गाउँ खाली हुँदै थियो। गाउँका जनताका विरोधीहरू सहर पस्दै र बस्दै थिए। गाउँगाउँमा जनसत्ता निर्माण हुँदै थिए। नयाँ संस्कार र संस्कृतिले जनतामा नयाँ मुस्कान छरिदिएको थियो। जनताको जनसत्ता रक्षाका लागि र प्रतिक्रियावादी सत्ता ढाल्नका लागि बलियो जनमुक्ति सेना निर्माण र विकास भइरहेको थियो। पार्टीको योजना र जनमुक्ति सेनाको बल र प्रहारको कारण जाली, फटाहा, सामन्त मात्र होइन प्रहरी पनि पराजित भइसकेको थियो भने प्रतिक्रियावादी सत्ताको मुख्य शक्ति सेना पनि एक हदसम्म हारको मानसिकतामा पुगेको थियो। दुस्मनको सत्तामाथि खैलाबैला मच्चिएको थियो। दुस्मनहरू कमजोर र हामी बलियो हुँदै गइरहेका थियौँ तर दुस्मनहरू जतिसुकै कमजोर भए पनि कमजोर भयौँ सत्ता छाडिदिऊँ भन्दैनन्। खोसेर अर्थात् बल प्रयोग नै गर्नुपर्दछ र हाम्रो पनि अझै चोटिलो प्रहार गर्नुपर्ने आवश्यकता नै थियो तैपनि दुस्मन शक्ति र पुरानो सत्ता निकै तिल्मिलाएको थियो। हामी छिट्टै विजयमा पुग्छौँ भन्ने हामीलाई विश्वासका साथै आशा पलाएको थियो।

हामी जितको नजिक छौँ भन्ने अनुभूत भइरहेको बेला ठीक त्यही समयमा शान्तिवार्ता भयो। शान्तिवार्ता गर्दा एकातिर संसद्वादी शक्तिको धार र अर्कोतिर क्रान्तिकारी शक्ति (माओवादी धार), दुईटा सेना र दुईटा सत्तालाई स्वीकार्दै भएको थियो। दुवै पक्षले आवश्यकता ठानेर भएको थियो। संसदीय पार्टीहरू राजतन्त्रको दमन र उत्पीडनले छट्पटाइरहेका थिए। सायद उनीहरू त्यतिबेला माओवादीसँग सहमति नगरेको भए, ज्ञानेन्द्रको जेलको कालकोठरीमा आजसम्म हुन्थे होला। अर्कोतिर हाम्रो विषय थियो केन्द्रीय सत्ता कब्जाका लागि उच्च स्तरको तयारी गर्नुपर्ने। त्यतिबेला प्रचण्डले भनेको कुरा मानसपटलमा ताजै छ- कमरेडहरू हामी हाम्रो लक्ष्यबाट विचलित हुँदैनौँ, बरु पूरा गरिछाड्छौँ। पूरा गर्नका लागि यो शान्तिवार्ता आवश्यक छ। हामीले शङ्का गर्ने ठाउँ थिएन। नेतृत्वको एउटै कासनमा हजारौँ बलिदान दिएका र दिन तयार भएका हामी सहमत भयौँ। नियत खराब हुनु हुँदैन। क्रान्ति पूरा गर्न कतिपय बेला वार्ता, सम्झौता कतिपय बेला युद्ध हामीले सहज ढङ्गले लियौँ। हाम्रो एउटै सोचाइ र बुझाइ थियो। पुरानो सत्ता ढाल्ने र नयाँ जनताको सत्ता स्थापना गर्ने। त्यही कारण र सोचाइमा हामी सबै एकै ठाउँमा थियौँ। जब शान्तिवार्ता भयो जनयुद्धको जगमा टेकेर २०६२/६३ सालको जनआन्दोलन भयो। देशमा राजतन्त्रको अन्त्य भयो। लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। त्यसपछि पहिलो संविधानसभाका विषयमा भारी मतले माओवादी पार्टी विजयी भयो। पहिलो संविधानसभामा पहिलो शक्ति भएर लडाइँमा मात्र होइन, चुनावमा पनि जनताको साथ र समर्थन पाएपछि नेपालमा मात्र होइन, विश्वमा नै माओवादी पार्टीको ओज र गरिमा बढेको थियो। त्यो स्थिति धेरै समय टिक्न सकेन किनकि सबै शक्ति (प्रतिक्रियावादी, विस्तारवादी, साम्राज्यवादी) को षड्यन्त्रमा माओवादीसँगका सहमति र समझदारी लागू नगर्ने बरु उल्टै माओवादीलाई यही संसदीय व्यवस्था मान्न यहीँ छिर्न बाध्य गराउनेतिर लाग्न थाले। यो कुरा प्रचण्ड-बाबुरामले बुझे कि बुझेनन्, दुस्मनहरूको योजना क्रस गर्नेभन्दा पनि एकएक गरी बिस्तारैबिस्तारै फस्दै गए, आफ्नो लक्ष्यमा दृढ रहन सकेनन्। शान्तिवार्ताका सहमति, समझदारी दह्रोसँग समातेर लागू गराउन सकेनन्। बरु छोड्दै गए। यो कुराले के साबित भयो भने जब रातारात जनमुक्ति सेनाका शिविर घेरा हालेर हतियार बुझाइयो अनि दुस्मनसामु आत्मसमर्पण गराइयो, विरोधीसित डराएर त त्यसो गरे। आफ्ना नेताहरू आफ्नै सेनाहरूसँग डराउनुपर्ने, दुस्मनलाई बुझाउनुपर्ने स्थिति देखापर्‍यो। आफैँले निर्माण गरेको आफैँले नेतृत्व गरेको जनमुक्ति सेनासँग आफै डराउनुपर्ने, अनि आफैँले दुस्मनलाई बुझाउनुपर्ने दुस्मन शक्तिका लागि राम्रो र खुसीको क्षण भए पनि क्रान्तिकारीहरूका लागि र क्रान्तिकारी इतिहासमा त्यो कालो दिनका रूपमा रहिरहने छ र रहनुपर्दछ। किनकि अबका कुनै पनि नेतृत्वले त्यस्तो गम्भीर गल्ती नगरोस्। तर प्रचण्ड-बाबुरामलाई त्यो गरेकोमा कुनै पश्चात्तापजस्तो लाग्दैन। किनकि त्यो मात्र होइन, उहाँ आफैँले सरकारको नेतृत्व गर्दा सुकुमबासीमाथि डोजर चलाउने, बिप्पाजस्तो राष्ट्रघाती सम्झौता गर्न पनि उहाँहरू पछि पर्नुभएन। त्यो त बाह्य पक्ष हो। जुन बाह्य रूपमा नै अनुभूत गर्न सकिन्छ। कुनै पनि चीजको विकास र विनासको मुख्य कारण आन्तरिक पक्ष नै हुन्छ भनेझैँ खरीपाटी भेलासम्म आउँदा उहाँहरूमा आएको विचलन प्रस्टसँग देख्न र बुझ्न सकिन्थ्यो। भेलामा प्रचण्डले प्रस्तुत गरेको लोकतान्त्रिक गणतन्त्रको प्रस्तावले त्यो बताइरहेको थियो। त्यसैकारण किरण कमरेडले अर्को जनगणतन्त्रको प्रस्ताव अगाडि सार्नुभयो। अन्त्यमा दुवै प्रस्तावलाई मिलाउँदै 'जनताको सङ्घीय लोकतान्त्रिक राष्ट्रिय गणतन्त्र' प्रस्ताव पारित गरियो, जसको व्याख्या अर्थात् सार लोकतान्त्रिक गणतन्त्रभन्दा माथि जनगणतन्त्रभन्दा तलको रहनेछ। साथसाथै प्रतिक्रियावादीहरूले पुँजीवादी गणतन्त्रतिर लैजान खोज्नेछन्। हामी जनगणतन्त्रतिर लैजानुपर्दछ, पुगिन्छ। हामीलाई ठिकै लाग्यो तर आज उहाँहरू जनगणतन्त्र ल्याउनेतिर होइन, लोकतान्त्रिक गणतन्त्र पूर्ण ठान्ने ठाउँमा हुनुहुन्छ। संसदीय व्यवस्थालाई ध्वस्त गर्ने होइन, संसदीय दलाल व्यवस्थाको नेतृत्व गर्दै हुनुहुन्छ। साथै संसदीय व्यवस्थाभित्रकै समाजवादको कुरा प्रचण्ड गरिरहनुभएको छ। बाबुराम त झन् टाढा पुगिसक्नुभएको छ। संसदीय व्यवस्था मान्नु, सुदृढ गर्न लाग्नु, पुँजीवादी विस्तारवादी र साम्राज्यवादीको निर्देशनमा चल्नु र लम्पसार पर्नु, उहाँहरूको इमानदारी, नैतिकता र कर्तव्यभित्र पर्ने विषय बनेको छ। उहाँ जुन ठाउँमा एकताबद्ध हुनुभएको छ फुट्ने कुरा र पतन हुने कुरा निश्चितै देखिन्छ। किनकि उहाँहरूको एकता सीमित स्वार्थमा केन्द्रित छ। जहाँ जुन एकता, निवर्गीय र विजातीय तत्व मिलेर बनेको छ किनभने सजातीय र सवर्गीय एकताले मात्र कुनै पनि लक्ष्य र उद्देश्य प्राप्त हुन्छ।

आज यहाँसम्म आइपुग्दा झन् यस्तो अनुभूत भएको छ हामीले ठीक समयमा ठीक निर्णय लिएका रहेछौँ। फुटको आरोप खेप्नु पर्ला दुनियाँको नजरमा नराम्रो भइएला भन्ने ठानेर प्रचण्ड बाबुरामसँगै सती गएको भए देश र जनताको हालत के हुन्थ्यो होला। सहिद, बेपत्ता, घाइतेका बारेमा कसले बोल्थ्यो होला। भारतले नाकाबन्दी लगाउँदा, लिपुलेकका बारेमा निर्णय गर्दा, कसले आवाज उठाउँथ्यो, कसले त्यसका विरुद्धमा नेपाल बन्दसम्मका कार्यक्रम गर्दथ्यो होला ? जनता र राष्ट्र जुन महँगी, भ्रष्टाचार, कालोबजारी बढ्दैछ। त्यसका बारेमा कसले आवाज बुलन्द पार्दथ्यो होला, अझ मुख्य कुरा त समस्याको मुख्य जरोका रूपमा खडा भएको दलाल संसदीय व्यवस्थालाई ढालेर जनताको व्यवस्था गर्न कसरी खडा हुन्थ्यो होला ? कोही बोल्थ्यो होला, कोही उभिन्थ्यो होला तर हामीबाहेक त्यो ठाउँमा हुन सक्दैनथ्यौँ, हुने थिएनौँ होला। हामीले फुट्ने आँट गर्‍यौँ र त आज विगतको समीक्षा गर्दै वर्तमानमा टेकेर भविष्यका बारेमा सुन्दर सपना लिएर नयाँ बाटो तयार गर्दैछौँ। यसले के गहिरो अनुभूत भयो भने त्यतिबेला फुट्नुपर्ने हाम्रो अनिवार्य आवश्यकता बनेको थियो। जसले फुटभन्दा सबै गलत हुँदो रहेनछ भन्ने पनि साबित गरिदिएको छ। हामी माथि उठेको अर्को प्रश्न पनि गम्भीर छ। तिमीहरू फुट्न मात्र जान्दछौ, जुट्न जान्दैनौ, एकताबद्ध हुन जान्दैनौ भनी आज हामीलाई फुटवादीको आरोप लगाइएको छ। यो बुझाइ र आरोपप्रति हामी सहमत हुन सकिरहेका छैनौँ। किनभने एकातिर फुटिराख्दा अर्को पक्षसँग मिलिराखेको हुन्छ। मिल्नुपर्छ एकताबद्ध हुनुपर्छ। एकता नै बल हो। हामीले जित्नुछ भने एकताबद्ध हुनै पर्दछ। फुटेर हुँदैन, सार्वभौम सत्यजस्तै हो। अब हामी कसरी सोच्दैछौँ र कोसँग एकताबद्ध हुने भन्ने कुरा हुन्छ। काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर त हुनु भएन नि ! हामी यतिबेला अहिलेको परिस्थितिको विश्लेषण गर्दछौँ, विगतको वस्तुवादी समीक्षा गर्दछौँ अनि दलाल संसदीय व्यवस्था ध्वस्त पार्ने मुख्य निशाना बनाउँदै पुँजीवादको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने गम्भीर निर्णय गरेका छौँ। यो उद्देश्य र लक्ष्यमा पुग्न एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माण गरिएको छ। अहिलेको मुख्य समस्या दलाल संसदीय व्यवस्था दलाल प्रवृत्ति रहेको छ। यहाँसम्म आइपुग्दा हामी एक्ला छैनौँ। त्यसका विरुद्ध आउनेहरूलाई एकताबद्ध गर्नुपर्ने हाम्रो दायित्व हो। त्यसैले त गरिब जनता, उत्पीडित समुदाय, मध्यम वर्ग राष्ट्रवादी शक्ति र कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध हुनैपर्छ।

यसैसँग जोडिएको अर्को पक्ष नेपाली क्रान्ति विश्व क्रान्तिको अभिन्न अङ्ग हो। नेपाली क्रान्तिलाई विश्वक्रान्तिसँग जोड्नु पर्दछ। यसलाई अलगथलग गरेर बुझ्नु हुँदैन। विश्वको प्रधान अन्तरविरोधका विषयमा स्पष्ट भएर तदनुरूप रणनीति निर्माण गर्नुपर्छ। साम्राज्यवाद र उत्पीडित राष्ट्र र जनताका बीचको अन्तरविरोध नै विश्वको प्रधान अन्तरविरोध हो। त्यसैले साम्राज्यवादका विरुद्ध संयुक्त मोर्चा आजको आवश्यकता हो। साम्राज्यवादका विरुद्ध संसारभरि जनता उठिरहका कारण साम्राज्यवादविरोधी मोर्चा बनाउन सक्ने आधार बन्दै गएको छ। विश्व बहुध्रुवीय बन्दै जाँदा क्रान्तिकारी परिस्थिति पनि अनुकूल बन्दै गएको छ। साम्राज्यवाद र सर्वहारा क्रान्ति आजको विश्वको मूल प्रवृत्ति हो। मुख्य दुस्मन, मित्रशक्ति, रणनीतिक मोर्चा, कार्यनीतिक मोर्चा, सहयोगी शक्तिजस्ता विचार राजनीति र संयुक्त मोर्चाका विषयमा हामीले ठोस र वैज्ञानिक नीति निर्माण गरिसकेका छौँ। एकता, सङ्घर्ष र रूपान्तरणको प्रक्रियाबाट हामी आएका छौँ।

एकता र फुटसम्बन्धी सही धारणा र बुझाइलाई सही बुझाइ र प्रयोग गरेर नै हामी यहाँसम्म आइपुगेका हौँ। दलाल संसदीय व्यवस्था ढालेर समाजवादी व्यवस्था स्थापना गर्न सकिन्छ भन्नेमा हामीमा कुनै भ्रम छैन। त्यसैले फुटलाई सधैँ नराम्रो र एकतालाई सधैँ राम्रो देख्ने धारणा बदल्नुपर्छ अन्यथा गलत ठाउँमा पुऱ्याउँछ।

स्रोत : **एकीकृत आवाज, अङ्क २**



वर्ष २, अङ्क ४७, पूर्णाङ्क ९५
रातो खबर साप्ताहिक

### जनगणतन्त्र कोरिया यात्रा

# मार्सल किम जोङ उनसँगै सैनिक परेड हेर्दा



अशोक सुवेदी

एकै छिनअघिसम्म समान आकारका रूखहरू भएको जङ्गलजस्तो देखिने ठाउँ केही समयपछि समुद्रको छालजसरी तरङ्गित हुन थाल्यो । एकै छिनमा त्यो समुद्रको छालजस्तो दृश्यको बीचमा एक सय पाँच अङ्क बन्यो, जनगणतन्त्र कोरियाको झन्डा बन्यो र कोरियाली वर्कर्स पार्टीको झन्डा पनि बन्यो। हेर्दाहेर्दै त्यो अङ्कको माथि आकाशमा दर्जनौं लडाकु विमानहरूले एक सय पाँच अंक निर्माण गरे । हामीले यस्ता चामत्कारिक दृश्य सिटबाट उठेर नजिकै तल रहेका हामीलाई, परेड खेलिरहेका र शस्त्रास्त्र प्रदर्शन गरिरहेका जनमुक्ति सेना, चौरमा समुद्रजस्तै लहरिने र अङ्क-झन्डा निर्माण गर्ने झन्डै एक लाख प्योङ्याङबासी जनसमुदायलाई हात हल्लाएर अभिवादन गरे । एक छिनअघिसम्म हामीसँगै शान्त भएर सैनिक कला हेरिरहेकी मिस पाक जिन हुई अर्थात् नानी हामीसँगै उठी र आफ्ना सुप्रिम कमान्डरलाई अभिवादन गर्दै जोडजोडले हात हल्लाउँदै एकाएक उफ्रिन थाली। हाम्रा बायाँतर्फ बसेकी ८० वर्षीया वृद्धा भीडबाट हात हल्लाएर चिच्याउँदै 'किम जोङ उन, किम जोङ उन' भन्दै रुन थालिन् । बायाँपट्टिको लहरमा बसेका करिब एक हजार जनसेनाले निरन्तर ताली बजाउँदै एकसाथ नारा लगाए 'किम जोङ उन, किम जोङ उन...।' तल चौरमा बसेको मानवसागर समुद्रलहरी बन्दै केही अघि बढ्यो र भीडभित्रैबाट पटकपटक एक सय पाँच अङ्क र झन्डाका चित्रहरू बनाउँदै तरङ्गहरू निर्माण गऱ्यो । किम जोङ उनलाई अभिवादन गरिसक्दा नानीको अनुहार पसिनैपसिना भएको थियो । हिजो बिहान र आज बिहान हात मिलाउँदा नौनीझैँ नरम लागेका उसका हात यतिबेला एकाएक बन्दुकको नालजस्तै कडा भएका थिए ।




हेर्दाहेर्दै अरू दर्जनौं विमानहरू आकाशमा उडे र तिनले पुष्पवर्षा गरे ।

यी चलचित्रका दृश्य, हवाईकल्पना वा नाटकका परिदृश्यहरू थिएनन् । जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङको मुटु दोदाङ नदीको किनारमा अवस्थित जुछे स्क्वायरमा आधुनिक कोरियाका जन्मदाता, कोरियाली जनताका महान् नेता र समाजवादी कोरियाका प्रवर्तक किम इल सुङको एक सय पाँचौं जन्मजयन्तीका अवसरमा कोरियाली जनमुक्ति सेनाले देखाएको जादुगरी कला थियो ।

'के यी दृश्य सत्य हुन् ?' मैले एकपटक आफ्नै नाडी छामेँ र आफैँलाई चिमोटेँ । छेउमै बसेकी थिई किशोर वय भर्खरै पार गरेकी इन्टरप्रेटर पाक जिन हुई । हामीसँग धेरै झ्याम्मिएपछि नेपाली चेलीजस्तै लागेर हामीले उसको नेपाली नाउँ 'नानी' राखिदिएका थियौं । 'नानी, तिमीहरूले हामीलाई जादु देखाएको कि सत्य ?' उसले सहजै भनी, '...सायद मेरा बाबा पनि त्यही विमानमा हुनुहुन्थ्यो । आज संसारलाई समाजवाद नै जादु वा दुर्लभजस्तो भइरहेको समयमा तिमीलाई पनि त्यस्तै भ्रम परेको हुनसक्छ। एकपटक आँखा मिचेर हेर अधबैंसे लेखक, उताबाट सैनिक ट्याङ्कहरू हामीतिरै आइरहेका छन् ।'

नानीले यति भनेको मिनेट बित्न नपाउँदै जुछे स्क्वायरको बायाँबाट छोटो, मध्यम र लामो दूरीका मिसाइल र क्षेप्यास्त्र बोकेका सयौं सैनिक ट्याङ्कहरू हामीतर्फ अग्रभाग पार्दै दायाँतिर लागे । डेढ दर्जन किसिमका जल, स्थल, वायु, प्रविधि सैनिकहरूको मार्चपास्ट र स्यालुटले शरीर सनन्न भयो । म मात्र होइन, मेरो छेवैमा बसेका नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य कमरेड भरत बम 'रणवीर', नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका सल्लाहकार तथा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य हस्तबहादुर केसी, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष तथा ताम्सालिङ जनसरकार प्रमुख माणिक लामा, अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंह, प्राडा सुरेन्द्र केसी, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य सरोज भण्डारी र हामीजस्तै संसारका ४५ देशका ६० संस्था/पार्टी प्रतिनिधि, हजारौं कोरियाली कर्मचारी, सैनिक, कलाकार यी दृश्य एक टकले हेर्दै 'ओहो ! ओहो !!' भनिरहेका थिए । हाम्रो मन त्यतिबेला झनै सनन्न भयो जतिबेला संसारले नै आश्चर्यपूर्वक हेरिरहेका बीसौं लाख कोरियाली जनमुक्ति सेनाका नायक तथा कोरियाली वर्कर्स पार्टीका अध्यक्ष मार्सल किम जोङ उन पनि हामी नजिकै बसेर यी सबै दृश्य नियालिरहेका छन् भन्ने थाहा पायौं ।

एकै छिनपछि मार्सल किम जोङ उन आफ्नो

'तिमी त एकाएक फेरियौ नि नानी ?', मैले सोधेँ ।

'कुन नौलो कुरा हो र ! आज हाम्रो देश, व्यवस्था र जीवनकै लागि पनि विशेष दिन हो । आजै हाम्रा पचासौं हजार जनमुक्ति सेनाले आफ्नो कला प्रस्तुत गरेका छन् । म वैदेशिक नीति विषय लिएर स्नातकोत्तर अध्ययन गर्नीतिर नलागेकी भए तिमीले मलाई त्यही लहरमा स्यालुट गर्दै गरेको अवस्थामा पाउने थियौ ।'

'के तिमी पनि जनमुक्ति सेनाकी सदस्य हौ र ?', मैले आश्चर्य मान्दै सोधेँ ।

'लौ, यो त हाम्रा लागि गौरवको विषय हो । समाजवादको रक्षा, विकास र हाम्रो राष्ट्रियतामाथि आँखा गाड्न खोज्ने दुष्टहरूका विरुद्ध विस्फोट हुन हामी सबै कोरियाली तयार छौँ । यो हम्रा लागि मात्र नभएर मानव जातिकै रक्षाका लागि हो । सर्वहारा वर्गका लागि त अनिवार्य नै हो । मैले सैनिक तालिम लिइसकेकी छु । स्नातकोत्तर अध्ययन सकेपछि फेरि थप तालिम लिन्छु । कोरियालीहरू अनिवार्य सैनिक तालिमबाट छुटे भने आफ्नो जीवन असफल भएको ठान्छन् । देश, जनता र व्यवस्थाको रक्षा र समृद्धिका लागि लड्नु हाम्रा लागि गौरवको विषय हो । समाजवादलाई साम्यवादसम्म नपुऱ्याएसम्म हामी सदा जागै रहनुपर्छ ।'

अप्रिल १३ मा जनवादी गणतन्त्र कोरिया सरकारको जिम्मेवार निकाय कोरियाली समाज वैज्ञानिकहरूको सङ्गठन 'कास' को निमन्त्रणामा मेरो नेतृत्वमा नेपाल-कोरिया लेखक पत्रकार मञ्चका प्रतिनिधि प्योङ्याङ अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिँदा परैबाट हात हल्लाएर स्वागत गर्ने पाक जिन हुईका बारेमा हाम्रो टोलीका ६ जना र माणिक लामा समूहका दुईजना सबैको एउटै निष्कर्ष थियो- नानीबाटै कोरिया कस्तो छ आकलन गर्न कुनै गाह्रो पर्दैन । सुरुमा कम आँकिएकी नानीले हरेक दिनका कार्यक्रमहरूमा हामीलाई झन्झन् प्रभावित पार्दै गएकी थिई । उसले हामीलाई दोस्रो दिनमै तीन करोड जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गरिरहेको समाजवादी मुलुक जनगणतन्त्र कोरिया संसारकै समाजवादीहरूका लागि नमुना रहेको बताएकी थिई । नभन्दै २० तारिखमा हामी हिँड्ने दिन उसले सोधेकी थिई- तपाईंहरूलाई अब कुनै शङ्का छ कि ? पहिलोपटकको यात्राका दोभासे मिस्टर ओले भनेका थिए- हामी समाजवाद टिकाउन कुनै पनि मूल्य चुकाउन तयार छौँ । दोस्रो यात्रामा दोभासे भएर आएकी नानीले कार्यक्रमहरूमा बहसमा

... बाँकी पृष्ठ ७ मा

## यात्रा, बहस र षड्यन्त्र

हामीले फेरि जनवादी गणतन्त्र कोरियाको यात्रा गऱ्यौं । यसपटकको यात्रा अघिल्लो यात्राभन्दा धेरै उचाइको बन्यो । हाम्रो यात्राको सफलतापछि क्रान्तिकारीहरूमा एउटा नयाँ उत्साह उत्पन्न भयो । सायद यही सफलताका कारण नेपालका प्रतिक्रियावादी, अवसरवादी र दलालहरूको होसहवास उड्यो । त्यसैले उनीहरू योजनाबद्ध रूपमा विषयवस्तुलाई तोडमोड गर्दै षड्यन्त्रको तानाबाना बुन्न थाले र हामी नेपाल नफर्किँदै विभिन्न अनुहारविहीन बुख्याँचाहरूलाई प्रयोग गर्दै साम्राज्यवादको योजना पूरा गर्न हाम्राविरुद्ध खनिए ।

हुनत पहिलो यात्राबाट उत्पन्न तरङ्गलाई पनि साम्राज्यवादका कयौं दलालहरूले पचाउन सकेनन् । उनीहरू लेखेर, बोलेर र हाउभाउबाट पनि हाम्राविरुद्ध उत्रिए । हामीजस्ता सामान्य र पहुँच नभएका मान्छेहरूले शक्तिसम्पन्न र आफ्नै खालको समाजवादको चरम आस्वादन लिइरहेको मुलुक जनगणतन्त्र कोरियाको यात्रा गर्न कसरी सम्भव भयो होला र ? फेरि त्यहाँ पुगेर हामीले कोरियाली वर्कर्स पार्टीका वरिष्ठ उपाध्यक्ष किम कि नामलाई समेत भेटेर गम्भीर छलफल गरेका थियौं । कोरियाको मैदानमै हामीले भारतीय साम्राज्यवादलाई चुनौती दिएका थियौं । साम्राज्यवादका दलालहरूलाई यो सत्य पचिरहेको थिएन सायद । यसपटक हामीले एकै तीरले धेरै सिकार खेल्यौं । जस्तै, हाम्रो पार्टीका पीबीएम कमरेड भरत बम 'रणवीर' ले यात्राको वैचारिक र साङ्गठनिक नेतृत्व गर्नुभयो । हाम्रो पार्टी र कोरियाको पार्टीका बीचमा पार्टीस्तरमा सम्पर्क बढ्यो । एकाध व्यक्तिले कोरियालाई नेपाली भनेका हामी नै हौं भन्ने भ्रम पारिरहेका थिए । हामी ८ जनाको शक्तिशाली उपस्थिति र वैचारिक बहसले त्यो भ्रम पूर्ण रूपमा चिरियो । हाम्रो समूहमा 'थ्रि इन वान' को उपस्थिति थियो- हाम्रो पार्टीका युवा नेता कमरेड रणवीरको नेतृत्व उसै पनि गौरवशाली बन्ने भयो । नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवम् मार्क्सवादी लेखक हस्तबहादुर केसी, राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसी, लाखौं युवा विद्यार्थीका नेता अखिल क्रान्तिकारीका अध्यक्ष कमरेड पूर्णबहादुर सिंह, सोही सङ्गठनका केन्द्रीय सदस्य सरोज भण्डारी, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष एवम् ताम्सालिङ जनसरकारका प्रमुख माणिक लामालगायतको उपस्थितिका कारण नेपालका प्रतिक्रियावादी क्याम्पहरूमा उसै भुइँचालो जाने नै भयो । हामी हिँडेको दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संस्थाले गरेको भव्य बिदाइ कार्यक्रमले नै हाम्रा विरोधी र प्रतिस्पर्धीहरु तिल्मिलाइसकेको अनुभूति गरिएको थियो ।

नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले प्रतिनिधिहरू कोरिया पठाउनुअघि राजधानीमा नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय विभाग प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' को प्रमुख आतिथ्यमा गरेको उत्तरसाम्राज्यवादविरुद्ध गोष्ठी गरेको थियो । त्यस्तै हाम्रो प्रतिनिधिमण्डललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मञ्चका महासचिव अग्निराजन पौडेल अरापको अगुवाइमा गरिएको भव्य बिदाइ, कोरियामा हाम्रो नेतृत्व र हामीले साम्राज्यवादविरुद्ध जमेर गरेको बहस-गोष्ठी, संसारभरका छानिएका प्रतिनिधिहरूका बीचमा कोरियायात्रा सम्बन्धमा लेखिएको मेरो पुस्तकको लोकार्पण र परिचर्चा यी सबै विषयका कारण नेपालका प्रतिक्रियावादी, अवसरवादी र साम्राज्यवादी एजेन्टहरूका क्याम्पहरूमा भुइँचालो जानु स्वाभाविक नै थियो, गयो । यो अस्वाभाविक होइन । फलस्वरूप तिनले केही दलालहरूलाई दुरुपयोग गरेर मिडियाबाजी गर्ने दुष्प्रयास गरे र टोली नेताको हैसियतले मेरो मानमर्दन गर्ने धृष्टता गरे । तर त्यो पानीको फोकाझैँ प्याट्ट फुटिहल्यो । हामी नेपाल फर्किने बेलासम्म पनि केही बुख्याँचाहरु हाम्राविरुद्ध प्रकाशित समाचार बोकर हकरझैँ हस्याङ र फस्याङ गर्दै देखाउँदै दुगुरिरहेको दृश्य अत्यन्तै घिनलाग्दो थियो । हाम्रो नेतृत्व र वर्गले यसको अन्तर्यका बारेमा राम्ररी बुझेको छ र दुस्मनका एजेन्ट कोको हुन् राम्ररी अध्ययन गरेको छ । यसको हिसाबकिताब समयक्रममा बिस्तारै हुनेमा विश्वस्त हुन सकिन्छ ।

# लोकतन्त्रको औचित्य



नन्दलाल खरेल

नेपाली राजनीति लोकतन्त्रको मीठो भ्रममा फसेको ११ वर्ष भइसकेको छ । यद्यपि लोकतन्त्रको अनुभूति नेपाली जनताले प्राप्त गर्न सकेका छैनन् । मुलुकमा लोकतन्त्रको परीक्षण भइसकेको छ । लोकतन्त्रमा धनीभन्दा गरिब शक्तिशाली हुनुपर्ने हो । किनकि उनीहरूको सङ्ख्या वढी हुन्छ तर त्यसो नभएर त्यसको विपरीत हुन गएको छ । लोकतन्त्र आज संविधानमा छ, संसद्मा छ, ठूलाठूला गोष्ठी र सेमिनारमा छ तर किन छैन गरिबका झुपडीमा ? गाउँबस्तीमा ? हुम्ला, जुम्ला, कर्णालीमा ? किन हाम्रो लोकतन्त्र आर्थिक सम्पन्नता र सामाजिक न्यायबाट धेरै टाढा रहेको छ ? के लोकतन्त्र फगत गरिब जनतालाई शोषण दमन गर्ने, जनताबीच विभेद पैदा गर्ने साधन हो ? यसबारे गम्भीर बहस हुन जरुरी छ ।

राजनीतिक पदावलीमा विश्वमै सबैभन्दा वढी प्रयोग भइरहेको शब्द हो, लोकतन्त्र विश्वमै लोकतन्त्र शान्ति, विकास, सुशासन र स्वाधीनताको पर्यायवाची हुनुपर्थ्यो तर यो लोकतन्त्र सर्वत्र अशान्ति, हत्या, हिंसा भ्रष्टाचार, चालझेल र कुशासनको पर्यायवाची भएको छ । लोकतन्त्रको शाब्दिक अर्थ लोककल्याण हो तर लोकतन्त्र गरिब जनतालाई शोषण दमन गर्ने, जनतावीच विभेद पैदा गर्ने, जनताहरूलाई फुटाई शासन गर्ने साघन मात्र भएको छ । विश्वमै लोकतन्त्र गरिब, मजदुर, सर्वहारा, किसानको नियन्त्रणमा कहिल्यै देखिँदैन । यो जहिल्यै पनि पुँजीपतिहरूको नियन्त्रण हुने गरेको छ । लोकतन्त्र पुँजीपतिहरूको हितरक्षा गर्ने औजार मात्र भएको छ ।

लोकतन्त्रमा दलहरू हुन्छन्, बहुमत ल्याउने दल सरकारमा जान्छ, बहुमत नल्याउने दल प्रतिपक्षमा बस्छन् । त्यस्तै मानवअधिकार, कानुनको शासन, सामाजिक न्याय, बालिक मताधिकार आदि लोकतन्त्रका आवश्यक तत्वहरू हुन् । लोकतन्त्रमा निर्वाचन हुँदा व्यापारी तथा उद्योगपतिले नेताहरूलाई/दलहरूलाई ठूलो आर्थिक सहयोग गर्छन् । राज्यमा कस्तो व्यवस्था ल्याउने अथवा कुन दलको सरकार बनाउने मुख्य उनीहरूको हातमा रहन्छ । नेताहरू स्वयम् उनीहसँग धन हुँदैन किनकि उनीहरूको कर्म धन कमाउने होइन तैपनि उद्योगपति व्यापारीले दिएको आर्थिक सहयोगले नोटको प्रयोग गरी गरिबका भोट किनिरहेका हुन्छन् । विचरा निर्दोष गरिबले पिल्सिएका जनताहरू एक छाक मासु र रक्सीमा बिक्छन् । परिमाणस्वरूप तिनै नेताहरू जनता प्रतिनिधिका रूपमा चुनिन्छन् । अब भने उनीहरूले सर्वसाधारण जनताको कार्य गर्छन् वा उद्योगपति व्यापारीका पक्षमा कार्य गर्छन् । निःसन्देह उनीहरूले उद्योगपति व्यापारीका पक्षमा काम गर्छन् । किनकि उनीहरू चुनावअघि नै बिक्री भइसकेका हुन्छन् । उद्योगपति व्यापारीले जतिसुकै मूल्य वृद्धि गरे पनि उनीहरू नैतिक हिसाबले त्यो कार्य रोक्न सक्दैनन् । लोकतन्त्रमा सरकारमा पुग्ने नेताहरूले न मजदुरको उचित तलब ज्याला नै तोक्न सक्छन्, न त कृषकको सामानको मूल्य तोक्न सक्छन् । त्यति मात्र होइन, शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत विषयहरूमा पनि सरकारले अथवा त्यहाँ पुग्ने नेताले केही गर्न नसक्ने अवस्था हुन्छ । त्यही भएर होला दार्शनिक भोल्तेयरले भनेका थिए- "यो सत्य हो स्वतन्त्रताले तिम्रो पेट भर्न सक्दैन, न त प्रजातन्ब/लोकतन्त्रको ऊर्जाबाट तिम्रो कलकारखाना चल्न सक्छ । तर सँगसँगै निरङ्कुशताको कालकोठरीमा कुनै राजनीतिक बन्दले बत्ती बाल्न पनि सक्दैन ।" यो भनाइ अहिले हाम्रो मुलुकको सन्दर्भमा बढी सान्दर्भिक हुन आउँछ ।

कागलाई बेल पाक्यो हर्ष न बिस्मात् भनेझैँ लोकतन्त्रले गरिब निमुखा तथा सर्वसाधारण जनतालाई खासै छुन सकेन । लोकतन्त्रले राजनीतिक दलहरूको उदय भयो, नेता जन्मिए र नेताहरूको मुहार फेरियो तर जनताको जीवनस्तरमा खासै ठूलो परिवर्तन आउन सकेन । २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनको बेला आमजनजीवनमा जेजस्ता परिवर्तन आउने ठानिएको थियो, ११ वर्ष बितिसक्दा पनि त्यो पूरा हुन नसक्नुचाहिँ दुःखको कुरा हो । लोकतन्त्र आएपछि सत्तामा जाने केही दर्जन नेताको जीवनस्तरमा मात्र आमूल परिवर्तन आएको छ । फाटेका चप्पल लगाउनेहरू, भुटेका मकै मात्र खानेहरूको एकाएक महल भएको छ । परिवर्तन र विकास आर्थिक-सामाजिक रूपान्तरणका रूपमा गाउँहरूमा बस्तीहरूमा र गरिखाने वर्गकहाँ पुग्न सकेको छैन । यो सिंहदरबार र अन्य केही सहरहरूमा मात्र फन्को मारेर बसिरहेको छ । आज पनि गरिब सर्वसाधारण जनता टुकीको सहारामा उज्यालो खोज्दै बस्नुपरेको छ, टाउको दुख्न हराउने सिटामोल खानसमेत नपाएर मृत्युलाई अँगाल्न पुगेको छ भने आधी पेट खाएर भोकै बाँच्नु परेको छ ।

२१ औं शताब्दीको लोकतन्त्रले समाजको बेजोड गतिलाई पकड्न सकेन । समाज र लोकतन्त्रसँगसँगै यात्रा गर्नुपर्थो तर त्यो हुन सकेन । अझ समाजको गतिभन्दा अगाडि लोकतन्त्र हिँड्नुपर्थ्यो । तर समाजभन्दा पछि लोकतन्त्र हिँड्न थाल्यो । आज संसारका १५० देशमा भन्दा बढी लोकतन्त्र छ तर त्यसले काम गरेको छैन । त्यसैले यो लोकतन्त्रले संसारभर नै समस्या निम्त्याउने निश्चित छ । अतः यो लोकतन्त्रप्रति गम्भीर बहस हुन जरुरी छ । आजको लोकतन्त्र पुँजीवादी व्यवस्थामा आधारित छ । पुँजीवादले खुला व्यापार नीतिको समर्थन गर्दछ । यसको आधारभूत उद्देश्य मुनाफा कमाउनु हो । यस व्यवस्थामा समाजमा व्यक्तिको हैसियत उसको सम्पत्तिका आधारमा निर्धारण हुन्छ । यस व्यवस्थामा सम्पूर्ण आर्थिक शक्ति उत्पादक वर्ग अथवा पुँजीपतिहरूमा निहित रहन्छ । समाज पुँजीपति वर्ग र मजदुर वर्गमा विभाजित हुन्छ । धनी झन्झन् धनी र गरिब झन्झन् गरिब हुने अवस्था सिर्जना हुन्छ ।

> cfh ljZjsf gfd]l\o] !hgfn]efs]f]k6 ;Tgkg]afWotf 5 . glhs}sf] l5d]sL /fi6«ef/tsf]dfq s/f ug{xf]eg]%& hgf pBf]ukltsf] 9s6Lsf]tf}h dhs}&) kltzt hgtfsf]hg;aVofsf]eGbf sh ;DklQeGbf a9L 5 . ef/tdf klg sdeGbf sd dfG5}sf]xftdf wgs]Gbl{t xB}uPsf] 5 .

गरिबी आज विश्कै ठूलो शत्रु भएको छ, यो एउटा ठूलो महारोग पनि हो । शक्ति सम्पन्न अमेरिकादेखि नेपालजस्तै कयौं गरिब राष्ट्रहरूमा आर्थिक असमानताको खाडल बढ्दो रूपमा छ । आज विश्वभर अधिकांश मुलुकहरूमा लोकतन्त्र स्थापना भइसकेको छ । अर्थात् लोकतान्त्रिक यात्रामा अघि बढिरहेका छन् तर आर्थिक असमानताको खाडल हेर्ने हो भने डरलाग्दो तथ्याङ्क हाम्रासामु देखापरेको छ । अन्तर्राष्ट्रिय संस्था अक्सफामको एउटा रिपोर्टअनुसार विश्वका आठजनाको सम्पत्तिबराबर आधा जनसङ्ख्या (अर्थात् ३ अर्ब ६० करोड) मात्र आठजनाको । त्यो पनि सबै पुरुषको । सबैभन्दा आश्चर्यलाग्दो कुरो के छ भने ती आठमा पनि ६ जना त एक्लो अमेरिकी मात्रै छन् । धनी र गरिबबीचको यो खाडल हालसम्मकै सबैभन्दा फराकिलो बनेको छ । सन् २०१० मा करिब ३८८ मानिसको हातमा विश्वका आधासँग भएबराबरको सम्पत्ति थियो भने २०१४ मा आइपुग्दा ३८८ को सङ्ख्या घटेर ८५ मा झऱ्यो । २०१५ को आँकडा ८० थियो । त्यस्तै २०१६ को आँकडा ६२ जना थियो र हालै अक्सफामले सार्वजनिक गरेको तथ्याङ्कमा ८ जना छ । यिनै ८ जना धनी व्यक्तिसँग विश्वका आधा स्रोत तथा सम्पत्ति उनीहरूको कब्जामा छ । अर्थात् विश्वको आधा जनसङ्ख्यासँग ४०९ बिलियन अमेरिकी डलर छ भने विश्वका ८ जनासँग ४२६ बिलियन अमेरिकी डलर छ । यो गम्भीर असमानताको घडी चलिरह्यो भने लोकतन्त्रले सधैं बिदा लिनु नपर्ला भन्न सकिँदैन ।

... बाँकी पृष्ठ ७ मा

## विकास भैरहेको साझेदारी

# चीन र रुस झन् नजिक भएका छन् तर सैन्य गठबन्धन, होइन



लि चकुओ (Li Ziguo)

चीन र रुस (पूर्वसोभियत सङ्घ) बीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि ६५ वर्षमा सम्बन्धहरूले गठबन्धनदेखि मुठभेड हुँदै सामान्यीकरण र रणनीतिक साझेदारीजस्ता विभिन्न चरणहरू पार गरिसकेका छन् । वर्तमान अवस्थामा चीन र रुसबीचको सम्बन्ध शक्ति राष्ट्रहरूबीचको सम्बन्धमध्ये सबैभन्दा परिपक्व सम्बन्ध भएको छ । यी दुई मुलुकहरू एकआपसमा सक्रियतापूर्वक समर्थन गर्दछ । यतिबेला तिनीहरू साझेदार हुन् तर गठबन्धनका देशहरू होइनन् ।

**स्थिर पाइला**

चीन-रुसबीच सम्बन्धको मूलभूत धार एउटा स्थिर प्रगति हो । चीन-संरासङ्घ अमेरिका सम्बन्धजस्तो 'न राम्रो न खराब' अवस्थाभन्दा यो प्रगति स्पष्ट रूपले फरक छ । अझ थप कुरा के हो भने यी दुईबीचको दौत्य सम्बन्धको सामान्य दिशालाई सुनिश्चित गर्ने दस्ताबेज र संयन्त्रहरूको शृङ्खला नै छ ।

सन् १९९२ मा चीन र रुसले दौत्य सम्बन्ध स्थापनाको संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरेपछि दुई देशबीचको सम्बन्ध नयाँ अध्यायमा प्रवेश गर्‍यो । सन् १९९६ मा दुई देशले रणनीतिक सम्बन्धको साझेदारी स्थापना गरे । सन् २०११ मा चीन र रुसले असल छिमेकीपन र मित्रवत् आपसी सहयोग सन्धिमा हस्ताक्षर गरे । सन् २०१३ फेब्रुअरीमा चीन र रुसले आपसी सहयोगको व्यापक रणनीतिक साझेदारीलाई अझ गहिर्‍याउन संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे । यसले द्विपक्षीय सम्बन्धलाई अभूतपूर्व तहमा पुर्‍यायो ।

यस अवधिमा चीन र रुसले जटिल सीमा विषयहरूको पनि समाधान निकालेका छन् । यसबाट पहिलेको सिमाना भिडन्त सामसुम भएको छ ।

अर्को महत्वपूर्ण पक्ष के हो भने चीन-रुस सम्बन्धको स्थिर विकासको प्रत्याभूति भनेको प्रभावकारी आपसी सहयोग संयन्त्र शृङ्खला हो । दुई देशले सफलतापूर्वक उच्च तहको वार्षिक भ्रमण आदान-प्रदान र आपसी समझदारी र विमतिहरूको बेलैमा समाधान गर्ने कार्यलाई अगाडि बढाउने असङ्ख्य गैरसकारी आदान-प्रदान मञ्चहरूको संयन्त्र स्थापना गरे ।

'साङ्घाई आपसी सहयोग सङ्गठन' उदीयमान आर्थिक शक्तिहरूको सङ्गठन ब्रिक्स र एसियाली प्रशान्त आर्थिक आपसी सहयोग मञ्चजस्ता वार्षिक शिखर बैठकहरूको अन्तर्राष्ट्रिय अवसरहरूमा यी दुई देशका राष्ट्र प्रमुखहरूले नियमित बैठकहरू गर्दै आएका छन् । सन् २०१३ मार्च महिनामा चिनियाँ राष्ट्रपति सी जिङपिङले औपचारिक रूपमा राष्ट्रपतिको कार्यकाल समालेपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग विभिन्न अवसरहरूमा नौपटक भेट गर्नुभयो ।

१९९६ मा नियमित बैठक संयन्त्र स्थापना भएदेखि सन् २०१३ सम्ममा चिनियाँ र रुसी प्रधानमन्त्रीहरूबीच १८ वटा वार्षिक बैठकहरू भए । उक्त संयन्त्र भनेको विभिन्न क्षेत्रमा द्विपक्षीय सम्बन्धको रूपरेखा कोर्ने र सहमति गर्ने अर्को महत्वपूर्ण मञ्च भएको छ ।

सन् २००५ मा चीन र रुसले पहिलो संयुक्त सैन्य अभ्यास गरेपछि यस्ता सैन्य अभ्यासहरूको गति र आकार दुवै बढेका छन् । विगत दुई वर्षमा यी दुई देशले साङ्घाई सहयोग सङ्गठन संरचनाअन्तर्गत आतङ्कवादविरोधी संयुक्त सैन्याभ्यासलगायत प्रत्येक वर्ष दुईवटा संयुक्त अभ्यास गरे । दुई मुलुकबीच बलियो आपसी विश्वासलाई प्रकट गर्न गत वर्ष मात्र रुसी रक्षा मन्त्रालयले राष्ट्रपति सीलाई रुसको कमान्ड सेन्टरमा भ्रमण गर्न निम्तो गर्‍यो ।

हालका वर्षहरूमा चिनियाँ र रुसी जनताबीच आपसी अनुभव र विचार आदान-प्रदानको तह अतुलनीय भएको छ । 'राष्ट्रिय वर्ष', 'सङ्घको वर्ष', ' पर्यटन वर्ष' जस्ता महत्वपूर्ण अवसरहरूको शृङ्खला सन् २००६ देखि नै दुई मुलुकले सफलतापूर्वक मनाए । सन् २०१४ र २०१५ मा दुबै पक्षले 'युवा मैत्री आदानप्रदान' को वर्ष मनाउनेछन् । आत्मीय अन्तरक्रियाबाट लाभ लिँदै दुवै पक्षका जनताले एकले अर्कोलाई मित्रका रूपमा लिनेहरूको सङ्ख्या बढ्दै छ । यसबाट दुई मुलुकबीच असल छिमेकी मित्रताका लागि जनताको समर्थन सुदृढ भएको छ ।

**आन्तरिक प्रोत्साहन**

साधारणतः के मत छ भने मस्को र बेइचिङबीच घनिष्ट आलिङ्गनको मुख्य कारण नै वासिङ्टन हो । वासिङ्टनले आफ्नो अडान छोड्छ भने बेइचिङ र मस्कोबीच विरोध चुलिनेछ । यद्यपि यस दृष्टिकोणले दुई देशबीचको सम्बन्धलाई गहिर्‍याउन खेलेको आन्तरिक प्रोत्साहनको भूमिकालाई कम आँकलन गरेको छ । समान स्वार्थले यी दुई देशहरूलाई नजिक्याएको हो भने बाहिरी कारणहरू केवल यो प्रक्रियालाई गतिशील बनाउने तत्व मात्रै हुन् ।

१९६० को दशक १९८० को दशकमा चीन र रुसको मुठभेडबाट दुवै देशले पाठ सिके । त्यस मुठभेडले दुवै राष्ट्रहरूको आर्थिक विकासमा निकै नै बाधा पुर्‍याएको र राष्ट्रिय सुरक्षालाई सङ्कटमा पारेको थियो ।

विशाल उदीयमान आर्थिक शक्तिहरूका रूपमा चीन र रुस एकअर्काको परिपूरक हुन् । रुस ऊर्जाको विशाल निर्यातकर्ता हो भने चीन प्रमुख क्रेता हो । रुसले श्रमिकको अभावलाई झेल्दैछ भने यसको हलुका उद्योग सुरुदेखि नै अपूर्ण छ । यसैबेला चीन 'संसारको कारखाना' का रूपमा चिनियो । विमान उद्योग र परमाणु ऊर्जा क्षेत्रहरूमा रुसले श्रेष्ठता प्राप्त गरेको छ भने उच्च वेगको रेलगाडी, प्रविधि, दूरसञ्चारजस्ता क्षेत्रहरूमा चीनले श्रेष्ठता प्राप्त गरेको छ ।

चीन र रुस दुवैले सामाजिक र आर्थिक सङ्क्रमण भोगेका छन्, यसैगरी दुवै देशले एकैखाले चुनौतीहरूको सामना गरेका छन् । रुसले आफ्नो स्रोतमा आधारित आर्थिक विकासको नमुनालाई परिवर्तन गर्नुपर्छ र चीनले पनि वातावरणमैत्री दिगो आर्थिक रूपान्तरण र औद्योगिक उत्थानको सामना गर्दैछ । दुवै देशलाई आर्थिक पुनर्निर्माण आवश्यक भएको बेला दुवै देशले सामाजिक स्थिरता कायम राख्ने आशा गर्दछन् । यी स्थायी विषयहरूमा दुवै देशले एक अर्कोलाई समर्थन गर्नु आवश्यक छ ।

अन्तर्राष्ट्रिय राजनीतिलाई प्रजातान्त्रीकरण गर्नु चीन र रुसको साझा इच्छाआकाङ्क्षा हो । संयुक्त राष्ट्रसङ्घलाई एकातिर पन्छाउने एकपक्षीय कार्यहरूको विरोधमा दुवै देश एक छन् । तिनीहरू सबै सभ्यताहरूको संलग्नताको लागि आह्वान गर्दछन् र शक्ति प्रयोग गरेर शासन परिवर्तन वा अन्य मुलुकहरूका संस्थाहरूको आँखा चिम्लेर फेरबदल गर्ने कार्यको विरोध गर्दछन् । दुवै देश दोस्रो विश्वयुद्धको इतिहासलाई बङ्ग्याएर पुनः लेखनकार्यको विरोधमा छन् । यी सब दुई देशको साझा चाहना र अधिकांश अन्तर्राष्ट्रिय समुदाय सदस्यहरूको हितमा छन् । त्यसो भए तापनि चीन र रुसले सैनिक गठबन्धन गर्ने छैनन् किनभने यसले सम्भवतः ध्रुवीय मुठभेडतिर डोर्‍याउनेछ र द्वन्द्वको खतरालाई अझ बढाउनेछ ।



*अन्तर्राष्ट्रिय राजनीतिलाई प्रजातान्त्रीकरण गर्नु चीन र रुसको साझा इच्छाआकाङ्क्षा हो । संयुक्त राष्ट्रसङ्घलाई एकातिर पन्छाउने एकपक्षीय कार्यहरूको विरोधमा दुवै देश एक छन् ।*

चीन-रुस सम्बन्धलाई अगाडि बढाउन प्रेरित गर्ने आन्तरिक प्रोत्साहन लामो समयसम्म अस्तित्वमा रहनेछ । तसर्थ संरा अमेरिकाको कारण दुई देशको आपसी सहयोग सुस्त हुनेछैन र अनुभवले के देखाएको छ भने वासिङ्टनले 'ठूला– २' (G-2) को अवधारणालाई माथि उठाए तापनि अथवा रुस-संरा अमेरिका सम्बन्धलाई सहज बनाउन अघि बढे तापनि चीन-रुसको सम्बन्धलाई कुनै असर परेन ।

**आपसी विश्वास बढ्दै**

विगत दशकहरूमा चीन-रुस सम्बन्धहरू छिटछिटो र निर्बाध रूपले विकास भएका छन् यद्यपि यसले दुई देशबीच भिन्नताहरू, शङ्काउपशङ्काहरू छैनन् भन्ने अर्थ लाग्दैन । साँच्चै भन्ने हो भने आफ्नो प्रभाव क्षेत्रको महत्वलाई बढी जोड दिनाले पूर्वसोभियत सङ्घका राष्ट्रहरूमा चीनले बढीभन्दा बढी प्रभाव जमाउन प्रयत्न गर्नेछ भनी रुस चिन्तित छ । चीनको कच्चा पदार्थको स्रोत क्षेत्रका रूपमा मात्र परिणत हुने सम्भावना तथा चिनियाँ प्रवासीहरूको मेलसँग रुस डराएको छ । योबाहेक अझ शक्तिशाली हुँदै गएको चीनसँग समन्वय गर्न रुसलाई थप समयको आवश्यकता छ । समय बित्दै गएपछि बिस्तारैबिस्तारै रुसले आफ्नो चिन्तालाई हटाउँदैछ र हालसालैको द्विपक्षीय सम्बन्धमा अझ पुनः विश्वस्त हुँदैछ ।

रुस एउटा एक्लो शक्ति हो । यतिखेर विश्वव्यापी तहमा संसारलाई नै आफ्नो नियन्त्रणमा राख्ने नीतिअनुरूप अमेरिकाको आक्रमणका तारोहरूमध्ये रुस पनि एउटा हो । संरा अमेरिका एउटा स्थापित शक्ति भएपछि रुसलाई प्रतिद्वन्द्वीको रूपमा लिइएको छ । यद्यपि स्वाधीन राज्यहरूको राष्ट्रमण्डलको क्षेत्रभित्र पूर्वसोभियत सङ्घका राष्ट्रहरूको समूहलाई रुसले आफ्नो 'पछिल्लो चोक'

(Backyard) का रूपमा हेरेको छ । यस अर्थमा रुस आफ्नो प्रभाव क्षेत्रको सुरक्षा गर्न प्रयत्नशील एउटा स्थापित शक्ति हो । युक्रेनियाली सङ्कटले रुसको मानसिकतालाई प्रतिबिम्बित गर्छ । यस क्षेत्रमा प्रतिस्पर्धा गर्ने कुनै पनि देशसँग रुस सतर्क छ । चीन र स्वाधीन राज्यहरूको राष्ट्रमण्डलका देशहरूसँग आपसी सहयोग बढ्दै जाँदा रुसी सञ्चारमाध्यममा 'चीन-रुस प्रतिस्पर्धा' को चर्चा-परिचर्चा बढ्दै गएको छ । आफ्नो राष्ट्रपतीय चुनाव अभियानको बेला पुटिनले यस विषयमा सम्बोधन गरेका थिए ।

त्यसो भए पनि अधिकांश देशहरूले बहुमुखी कूटनीतिको खोजीनीति गरेका छन् र स्वाधीन राजनीति खोजेका छन् भन्ने कुरामा रुस बिस्तारैबिस्तारै सचेत हुँदैछ । यसले के कुरा पनि महसुस गरेको छ भने चीन 'प्रतिद्वन्द्वी' का रूपमा देखिए तापनि यसले रुसको त्यस क्षेत्रमा रहेको परम्परागत प्रभावलाई सम्मान गर्दछ । वास्तवमा दुई देशका स्वार्थहरू अनुकूल छन् । क्षेत्रीय अवस्थालाई स्थायित्व प्रदान गर्न सघाउन सक्ने हुँदा चीन र रुस भरपर्दा साझेदार भएका छन् । सन् २०१३ सेप्टेम्बरमा सिकोमध्ये एसिया भ्रमणको बेला मध्यएसियाली देशहरूको आन्तरिक मामिलामा चीनले कहिल्यै हस्तक्षेप गर्नेछैन र त्यस क्षेत्रमा कहिल्यै प्रभुत्व खोज्ने वा प्रभाव क्षेत्र निर्माण गर्नेछैन भनी उहाँले प्रस्ट पार्नुभयो ।

आपसी आर्थिक सहयोगलाई लिएर चीन रुस दुवैको आपसी लाभप्रद सहयोग र त्यसको गुण र तहलाई माथि उठाउने बलियो इच्छा छ । मुख्य क्रेता चीनबिना रुसको आर्थिक वृद्धि अझ ढिलो हुनसक्ने कुरामा रुसी जनता झन्झन् बढी सचेत हुँदैछन् । रुसीहरूले रुसको सुदूरपूर्व क्षेत्रमा रहेका चिनियाँ प्रवासीहरूप्रतिको धारणालाई बिस्तारै परिवर्तन गर्दैछन् ।

रुसको सार्वजनिक विचार संस्था (Russia Public Opinion Foundation) ले गरेको सर्वेक्षणले देखायो भने ५७ प्रतिशत रुसी जनताले शक्तिशाली चीन रुसका लागि खतरा नभएको विश्वास गरे भने १९ प्रतिशत रुसी जनताले चीन रुसका लागि खतरा भएको विश्वास गरे । सन् २००९ को सर्वेक्षणअनुसार झन्डै ४४ प्रतिशत रुसी जनता चीन खतरा भएको विचार गर्थे । अहिले नयाँ सर्वेक्षणले के देखायो भने ७४ प्रतिशत रुसी जनताले चीन र रुस मित्रवत् साझेदार भएको कुरामा विश्वास गर्छन् र ९ प्रतिशतले मात्र यस कुरालाई अस्वीकार गर्छन् ।

## चीन–रुस सम्बन्धको कालक्रम

**२१ मे २०१४** : साङ्घाईमा चीन र रुसको पूर्वी बाटोका ग्यास परियोजन (भ्बकत च्यगतभ न्बक एचयवभअत) किनबेचको ठेक्का र विज्ञप्तिमा हस्ताक्षर भयो । त्यस ठेक्काले सन् २०१८ देखि वार्षिक रूपमा पूर्वी बाटो पाइपलाइनबाट चीनलाई ३८ अरब (बिलियन) क्युबिक प्राकृतिक ग्यास उपलब्ध गराउन सुरु गर्नेछ ।

**मार्च २०१३** : दुवै देशले व्यापक रणनीतिक आपसी सहयोगको साझेदारीलाई नयाँ चरणमा अघि बढाउन प्रतिबद्धता जाहेर गरे तथा असल छिमेकीपन र मित्रवत् आपसी सहयोगको चीन-रुस सन्धिको २०१३-१६ परिपालन मार्ग निर्देशलाई अनुमोदन गरे ।

**जुन २०१२** : चीन र रुसबीच आपसी समन्वयको व्यापक रणनीतिक साझेदारीलाई गहिर्‍याउने संयुक्त प्रेसविज्ञप्तिमा हस्ताक्षर भयो ।

**जुन २०११** : दुवै देशले प्रमुख अन्तर्राष्ट्रिय विषयहरूको बृहत् क्षेत्रमा संयुक्त विज्ञप्ति जारी गरे ।

**सेप्टेम्बर २०१०** : दुवै पक्षले आपसी समन्वयको रणनीतिक साझेदारीलाई व्यापक रूपमा गहिर्‍याउने संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे ।

**सेप्टेम्बर २००९** : चीनको उत्तरपूर्वी क्षेत्र र रुसको सुदूरपूर्व र पूर्वी साइबेरिया क्षेत्र (२००९-१८) बीच आपसी सहयोग गर्ने योजनालाई अनुमोदन गरियो ।

**जुन २००८** : 'चीन-रुस लगानी आपसी सहयोग योजनाको कार्यक्रम' लाई अनुमोदन गरियो ।

**जुलाई २१, २००८** : बेइजिङमा दुवै देशले चीन र रुसबीच सिमानाको पूर्वी क्षेत्रबारे थप विज्ञप्तिमा हस्ताक्षर गरे । नक्सा सम्बद्ध भएको उक्त विज्ञप्तिमा चीन-रुस ४३०० किलोमिटर सिमाना सर्वेक्षण र सङ्कल्पको पूर्णतामा छाप लगाए ।

**जुन २००५** : चीन र रुस दुवैले पूर्वी क्षेत्रको चीन-रुस सीमा रेखासम्बन्धी सहायक सम्झौताको अनुमोदनलाई आदान-प्रदान गरे । यसबाट दुई देशबीचको सिमाना समस्या समाधान गर्‍यो ।

**अक्टोबर २००४** : असल छिमेकीपन र मित्रवत् आपसी सहयोग सन्धिलाई पूर्णता दिने मार्गनिर्देशन अनुमोदन गरियो ।

**मे २००३** : असल छिमेकीपन र मित्रवत् सम्बन्ध र रणनीतिक साझेदारी विकास गर्न दुवै पक्ष सहमत भएको संयुक्त विज्ञप्तिमा दुवै देशले हस्ताक्षर गरे ।

**जुलाई २००१** : दुवै देशको रणनीतिक साझेदारी विकास गर्ने कानुनी आधारको जग असल छिमेकीपन र मित्रवत् आपसी सहयोग सन्धिमा चीन र रुस दुवैले हस्ताक्षर गरे ।

**अप्रिल १९९६** : दुवै देशले समानता र आपसी विश्वासमा आधारित र २१ औं शताब्दीतिर उन्मुख रणनीतिक समन्वयको साझेदारी स्थापना भएको घोषणा गरे ।

**सेप्टेम्बर १९९४** : २१ औं शताब्दीतर्फको परिदृश्यसँगै रचनात्मक साझेदारी स्थापना गर्न दुवै देश दृढसङ्कल्पित भएको घोषणा गर्दै चीन-रुसले दोस्रो संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे ।


**डिसेम्बर १९९२** : चीन र रुसले एक-अर्कोलाई मित्रवत् देशहरूका रूपमा लिने कुरालाई आह्वान गर्दै द्विपक्षीय सम्बन्धको आधारस्तम्भको संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे ।

**डिसेम्बर २७, १९९१** : सोभियत सङ्घ र चीनले स्थापना गरेको कूटनीतिक सम्बन्धलाई रुसले विरासतका रूपमा अघि बढाउने कुरालाई सुनिश्चित गर्न ज्ञापनपत्रमा चीन र रुस दुवैले हस्ताक्षर गरे ।

**अक्टोबर २, १९४९** : चीनले सोभियत सङ्घसँग कूटनीतिक सम्बन्ध स्थापना गर्‍यो ।

An Evolving Partnership
BEIJING REVIEW
October 16, 2014

# स्रष्टा, सिर्जना र प्रतिरोधका स्वरहरू


खेम थपलिया

नेपालका जनपक्षीय स्रष्टाहरू सुन्दर सपनाका निम्ति संसदीय दलाल पुँजीवादविरुद्ध सङ्घर्ष गरिरहेका छन्। संसारभर सपनाकै लागि असली सर्जकले प्रतिरोध गर्दै आएका छन्। स्रष्टा स्वप्न-हन्ताका विरुद्ध जाइलाग्छ। कवि पास सुन्दर सपनाका लागि लड्नुभयो। कवि इच्छुकले पनि सुन्दर सपनाका लागि उच्च सहादत स्वीकार्नुभयो। उहाँको प्रतिरोधको उच्चता निकै माथि छ। त्यसैले कवि दिनकरले भन्नुभएको सम्झना आउँछ, "कविता बौद्धिक प्रतिरोध हो।" दलाल संसदीय सत्ताद्वारा लादिएको कथित स्थानीय निर्वाचनका क्रममा शासकद्वारा देशमा हत्या, आतङ्क, दमन, धरपकड, खानतलासी तीव्र पारिएको यतिबेला लेखक-साहित्यकारहरू पनि झन् प्रतिरोधी बनेका छन्। नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा जनताले त्यसको कडा मुकाबिला गरेका छन्, सशक्त प्रतिरोध गरेका छन्। यो अभियानमा सिङ्गो पार्टी-पङ्क्ति, देशभक्त तथा प्रगतिशील शक्ति एवम् आमूल परिवर्तनप्रेमी जनसमुदायको दृढतापूर्वक साथ-समर्थन रहेको छ। यसमा लेखक, साहित्यकार, कलाकार, बौद्धिक तथा प्राज्ञिक समुदायको हार्दिक ऐक्यवद्धतासहित अतुलनीय योगदान रहेको छ। सत्ताको रछ्यानमा उम्रिएको 'प्रतिक्रियावादी दलाल संसदीय झारपात' लाई ध्वंस पार्न एकीकृत जनक्रान्तिको कार्यदिशालाई अङ्गीकार गर्दै वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापनार्थ यसपटक सर्जकीय भूमिका मुखर भएको छ।

नेपालमा सर्जकहरूले साहित्यका माध्यमबाट लिच्छवीकालदेखि नै प्रतिरोधी चेतना मुखरित गर्न थालेका हुन्। सुगौलीसन्धि (सन् १८१६) पश्चात नेपाली राजनीतिमा तीव्र ध्रुवीकृत भएको 'राष्ट्रवादी धारा' र 'राष्ट्रघाती धारा' को प्रतिबिम्बन नेपाली कला-साहित्यको क्षेत्रमा पनि गहिरोगरी पर्‍यो। राणाशाहीविरुद्धको लेखकीय प्रतिरोधमा कृष्णलाल अधिकारी कहिल्यै नछुट्ने नाम हो। गोपालप्रसादले दिल्ली-सम्झौतालाई धोकापूर्ण ठान्दै 'आमाको सपना' कविता लेख्नुभयो। युद्धप्रसाद मिश्र 'भोका र नाङ्गा उठ' भन्दै कवितामा सामन्तवादका विरुद्ध यसरी जुर्मुराउनुभयो :

> खोक्रा पेट अनाज भेट नहुने भोका र नाङ्गा उठ
> कोदाला उठ बन्चरा र हँसिया नाम्ला र डोका उठ
> साहुका करकापका कठिनता भोग्नेहरू हो उठ
> ताकेका जिमिदारले युवतीका लोग्नेहरू हो उठ।

गोकुल जोशी, केवलपुरे किसान आदि स्रष्टाले पञ्चायती व्यवस्थाको व्यापक भण्डाफोर गर्नुभयो। केवलपुरे किसान २०४६ सालको सम्झौताप्रति सङ्केत कवितामा यसो भन्नुभयो :

> आउँदैन र सत्र साल निश्चित टुङ्गो क्यै छ
> रक्सीचाहिँ गयो भर्नौ बोतल बङ्ग त्यै छ।
> माछो-माछो भ्यागुतो भन्दाभन्दै भ्यागुतो पो आयो
> सहिदको त्यत्रो रगत भन्नुस् कसले खायो।

यतिबेला पाब्लो नेरुदाको यो भनाइ निकै स्मरणीय हुन आउँछ, "मलाई अक्टोबरक्रान्तिले गहिरो निद्राबाट झस्क्याइदियो।" यो कुरा निकै महत्वकारी छ। हुन पनि हरेक क्रान्ति, वर्गसङ्घर्ष/जनसङ्घर्षले जनपक्षीय स्रष्टाहरूलाई गहिरोगरी छुने गर्दछ। महान् अक्टोबर क्रान्तिदेखि चिनियाँ क्रान्तिसम्म पनि त त्यही भयो। नेपालको जनयुद्धको समयमा पनि त्यही भयो। अहिले कथित स्थानीय निर्वाचन खारेजी अभियानको सङ्घर्षको पनि यही कुरा लागू भएको छ। सतहमा हेर्दा नेकपाको नेतृत्वमा भइरहेको निर्वाचन खारेजी अभियान सामान्य परिघटना जस्तो लाग्न सक्तछ तर यथार्थमा यो क्रान्ति हो, वर्गसङ्घर्ष हो। यो अभियानमा सर्जकहरू आ-आफ्ना सिर्जनामार्फत प्रतिरोध मात्रै गरेका छैनन्, उनीहरू भौतिक रूपमा प्रतिरोध गरेका छन्। यही प्रतिरोधका कारण दलाल संसदीय सरकारले दर्जनौं कवि, लेखक-साहित्यकारलाई पक्राउ गरेर हिरासतमा राखेको छ। उसले वाक्-स्वतन्त्रता लुटेको छ; सामान्य प्रजातान्त्रिक र मौलिक अधिकार पनि खोसेको छ। झुटा मुद्दा लगाइएको छ। सरकारले श्वेतआतङ्क मच्चाइएको छ, कलमलाई तोप र सिर्जनालाई बम देख्न थालेको छ, पत्रकारलाई भयानक सत्रु देख्न थालेको छ, जनतालाई ज्यानी-दुश्मन देख्न थालेको छ। यी र यस्तै यस्तै परिघटनाले प्रचण्ड र उनको नेतृत्वमा रहेको सरकारको दिवालियापनलाई राम्ररी नै उजागर गरिदिएको छ। दानवी कानुनका फलामे-साङ्लालाई चुँडाउन सङ्घर्षबाहेक अरू केही विकल्प छैन र हुँदैन पनि। मानिस किन ज्यानको बाजी राखेर सङ्घर्षमा होमिन्छ ? पुँजीवादी चमकधमकलाई च्यातचुत पार्दै मानिस किन सङ्घर्ष, बलिदान र मुक्तिको गीत गाउँछ ? केवलपुरे किसानले 'सङ्घर्षको ठीक गर' भन्ने गीत त्यत्तिकै गाउनुभएको थिएन।

कवितासित मानिसको नजिकको साइनो हुन्छ। कविले समाजका प्रत्येक चीजलाई सूक्ष्म ढङ्गले हेरिरहेको हुन्छ। भियतनामी सर्जक फान न्हुआनले "कवितासँग मानिसको सबैभन्दा नजिकको नाता हुन्छ" भनेर यसै भन्नुभएको होइन। त्यही नजिकको साइनोले उसलाई छापामार हुन बाध्य बनाउँछ। त्यही नजिकको सम्बन्धले प्रतिरोधी बनाउँछ। त्यही नजिकको सम्बन्धले आगो र बारुदसित खेल्न मन पराउँछ। त्यसैले त जनयुद्धमा लेखक-कलाकारहरू छापामार हुनुभएको थियो, अहिले पनि योक्रममा भिन्न स्वरूपमा जारी छ। अनि त राजबहादुर कुँवर यसरी छापामारको काव्यिक-व्यञ्जना गर्न पुग्नुहुन्छ :

> प्रत्येक मान्छेभित्र छापामार हुन्छ, छापामार
> प्रत्येक छापामारभित्र मान्छे हुन्छ, मान्छे
> छापामार नभई स्वाभिमानी मान्छे बाँच्नै सक्दैन
> मूर्दाहरू मात्र छापामार हुन सक्दैनन्
> लासहरू मात्र छापामार हुन सक्दैनन्।

देशमा कथित स्थानीय निर्वाचनको नौटङ्की मध्यान्तरमा उभिएको छ। पहिलो चरणको खारेजी अभियानमा राज्यले नेपाल कम्युनिस्ट पार्टी नेता र कार्यकर्ताविरुद्ध तानाशाही तरिकाले दमनमा उत्रियो। सरकारले केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल, वैकल्पिक केन्द्रीय सदस्यहरू नारायण महर्जन, मकर गुरुङ र जिल्ला इन्चार्ज तथा सेक्रेटरीहरू देवकला अधिकारी, लक्ष्मण उप्रेती, अर्जुन योगी, दीपक श्रेष्ठ, रविकिरण, नन्दलाल तिवारी, उदय राई, सागर तिमल्सिना, चन्द्र बुढा, राजन धनुके, गोकुल पराजुली, मोहन राई, हरिकृष्ण घिमिरे, दीपक श्रेष्ठ, उपत्यका ब्युरो सदस्य सुदर्शन मङ्गोलसहित सयौं नेता-कार्यकर्ता र जनतालाई गिरफ्तार गरेर यातना दिएको छ, बेपत्ता पारेको छ। सरकारी यो रवैया अझै तीव्रतामा बढिरहेको छ।

सङ्घर्षका पनि आफ्नै पद्धति हुन्छन्। यसका आफ्नैखालका मूल्य पनि हुन्छन्। सङ्घर्षमा तिनको पालनाको अपेक्षा पनि गरिन्छ, जुन कुरा स्वाभाविक हो तर सरकारले अभियानका क्रममा केही आचरणविहीन घटना घटाएको छ। चितवन-खैरहनीमा आफ्नै घरमा मध्यरातमा सुतिरहेको अवस्थामा नेपाल कम्युनिस्ट पार्टीकी चितवन जिल्ला सदस्य तथा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की केन्द्रीय सदस्य सिसम शाहीलाई नाबालक छोराछोरी (सुजित १० वर्ष, सुवासना ४ वर्ष) सहित प्रहरीले छापामार शैलीमा गिरफ्तार गरेर मानसिक यातना दियो। त्यस्तै, सुनसरी-धरानमा सरकारले २ वर्षीया बालिका ग्रिसिका राईको बिचल्ली बनाइदियो। जब कलाकारसमेत रहनुभएका कमरेड सुरज राई र खड्कुमारी राईलाई सरकारले पक्राउ गर्‍यो, तब सुरु भए ग्रिसिकाका दुःखका दिन। उनीहरूले बालिका ग्रिसिकाको अभिभावकत्वलाई कुनै मतलब गरेनन्। अन्ततः उनलाई पनि प्रहरी कार्यालयमा पुर्‍याइयो। यो दृश्यले जो कोही पनि एकपटक हृदय चस्स भएर आउँछ तर सरकारले यो कार्यलाई आफ्नो बहादुरी ठानेको छ। कैयौं ठाउँमा सामना सांस्कृतिक परिवारको साङ्गीतिक कार्यक्रम रोकियो। कलाकारहरूलाई धम्क्याइयो। अखिल नेपाल जनसांस्कृतिक महसङ्घका कतिपय कमरेडहरूलाई पक्राउ गरिएको छ, कतिपयलाई घर छोड्न बाध्य पारिएको छ, कतिपयलाई दुश्मनका आँखा छलीछली हिंड्न बाध्य पारिएको छ। यसरी सरकारले पूरै जनयुद्धकालीन झझल्को दिलाएको छ। सरकारले पूर्वदेखि पश्चिमसम्म यस्तै-यस्तै घटना घटाएको छ। राज्यले देशभर श्वेत-आतङ्क मच्चाएको छ। सरकारको पुनः एकपटक आफ्नो दलाली-फासीवादी असली चरित्र देखाएको छ।

नेपाल कम्युनिस्ट पार्टीले कथित स्थानीय निर्वाचन खारेजी अभियान घोषणा गरेपछि विभिन्न स्रष्टाहरूले सोही अभियानलाई सहयोग पुग्नेगरी साहित्यिक-सिर्जना गर्नुभएको छ। देवनारायण शाह लेख्नुहुन्छ :

> उठ जाग ओ भोकाएको बन्दी
> अब तानौं रातो तरबार
> युद्ध अन्तिम दिऊँ ज्यान
> बलिदान तिम्रो उच्च महान्।

सामाजिक सञ्जालमा प्रतिरोधी रचना बाक्लै प्रस्तुत भइरहेका छन्। ती रचना निकै शक्तिशाली पनि बनेका छन्। संसदीय दल र तिनका नेताको नैतिक धरातललाई ती रचनाहरूले व्यापक भण्डाफोर गरेका छन्। जनताका प्रतिरोधी चेतना र दलालसत्ताका विरुद्ध गरिएका सशक्त प्रतिवादलाई पनि ती रचनाले बोलेका छन्। कवि नारायण नेपालको एक अंश हेरौं :

> हिजो टाउको आज भोट सके जति ल्याऊ
> मै हुँ भन्ने कामरेडहरू रुखमा छाप लाऊ
> बाँच्नेहरूले यस्तो गरे मर्नेले के पाए
> फेरि पनि महान् भन्दै उनै यता आए।
> चुनाव लड्ने भोट छाडी पेस्तोल ताकाताक
> रारागाउँ मुगुतिर पुलिसहरू गर्छन् भागभाग
> कालिकोट भो रणमैदान राइफल तानातान भो
> मकवानपुरको हाँडीखोला गोली हानाहान भो।

जसले कुनै बेला क्रान्तिको नेतृत्व गर्नुभयो, उहाँले नै अहिले सबै कुरा पानीमा बगाइदिनुभएको छ। उहाँ निरन्तर कमजोर मात्रै बन्नुभएको छैन, उहाँका हरेक कुराहरू पाखण्ड साबित बन्दै गएका छन्। यसले जनपक्षीय स्रष्टालाई नराम्ररी चिमोटेको छ अनि आस्था घिमिरे गजलमा यो भन्नुहुन्छ :

> सिद्धान्त र कार्यदिशा लुटाउनु कमजोरी थ्यो
> जनताको पार्टी पहिल्यै फुटाउनु कमजोरी थ्यो
> कहाँ जित हुन्छ अनि खोक्रो आदर्शले
> दुश्मनसँग गठबन्धन जुटाउनु कमजोरी थ्यो
> अँगालेर वर्गदुश्मन जनतालाई गोली ठोकी
> क्रान्ति गर्छु भन्नेहरूलाई कुटाउनु कमजोरी थ्यो।

सरकारले कालिकोटमा धनरूप बटालाको हत्या गर्‍यो। सरकारले त्यहाँ फासी दमन गर्‍यो। सिङ्गो कालिकोटे जनतालाई सरकारले दुश्मन देख्न थाल्यो। सेना र प्रहरी लगाएर व्यापक धरपकड गर्‍यो तर पनि त्यहाँका जनताको क्रान्तिप्रतिको चाहना र प्रतिवद्धतामा कुनै कमी आएन। मुक्ति गैरेजस्ता स्रष्टाहरू यसरी आफ्ना भावना व्यक्त गर्नुहुन्छ :

> हिजो पूर्वको गोरखाबाट रम्तेलको दीप बोलेको थियो
> आज पश्चिमको कालिकोटबाट बटालाको दीप बलिसक्यो
> तिमी प्रज्वलित दीपहरू इतिहासमा युगान्तकारी बनिरहनेछौ
> अब सधैँ ननिभ्नेगरी विश्वको विजय दीप बलिरहनेछौ।

यो निर्वाचनमा सरकारको सांस्कृतिक तथा नैतिक धरातल धेरै नै कमजोर देखियो। हुन त संसद्वादको विशेषता नै नैतिकहीनता हो। एमालेले राप्रपासित चुनावी तालमेल गर्‍यो। माओवादी केन्द्रीले नेपाली काङ्ग्रेससित चुनावी तालमेल गर्‍यो। यो तालमेल कुनै पनि हालतमा सैद्धान्तिक र वैचारिक थिएन। यो त जसरी पनि निर्वाचन जित्ने र जनतालाई बेवकूफ बनाउने चालबाजी थियो। यसले यी दलहरूको नैतिक, वैचारिक तथा सांस्कृतिक धरातलालाई उजागर गरिदिएको छ। खाने बेलामा संसद्वादीहरू एक भएको हल्ला गर्दछन् तर भागबण्डा मिलेन् वा आफूले सोचेको जस्तो भएन भने यिनीहरू एक-आपसमा खनिन्छन् र मारकाट गर्छन्। एकले अर्कोको ज्यान लिन पनि पछि पर्दैनन्। संसदीय दलालहरूका झगडालाई लिएर अहिले सामाजिक सञ्जालमा कविहरूले त्यस्ता केही रचना प्रस्तुत गरिरहेका छन्। एउटा चर्चित गीत हेरौं :

> थाहा पाइयो हेरेर आँखामा
> छुरा हान्यो बसेर काखमा
> अन्तै भोट हालेछ अन्तरघातीले।
> भेट हुँदा लम्पसार बन्नीले
> धोका दियो आफ्नै हो भन्नीले
> अन्तै भोट हालेछ अन्तरघातीले।
> थाहा पाइयो मतपत्र गनेर
> छुरा हान्यो भोट अन्तै हानेर
> खुराफातीले ... सूर्य भनेर
> अन्तै भोट हालेछ अन्तरघातीले।

जनता निकै सचेत छन् तर पनि अझै सचेत हुन आवश्यक छ। कुनै न कुनै मेसोमेलो मिलाएर दलालहरूले जनतालाई भ्रममा पारेर आफ्नो दुनो सोझ्याउन खप्पीस हुन्छन्। भइरहेको पनि त्यस्तै त्यस्तै छ। यसै सन्दर्भमा साहित्यकार खगेन्द्र सङ्ग्रौलाले सार्वजनिक गर्नुभएको निर्वाचनको सन्दर्भमा यो भनाइ मननीय छ। उहाँले भन्नुभएको छ, "देश बेच्नेहरूलाई भोट दिनु जनताको बेइमानी हो। वर्षभरि सराप्ने, चुनावमा तिनैलाई ल्याप्पे ठोक्दिने !" सबै घटनाक्रमहरूले निर्वाचन खारेजी अभियानको औचित्यलाई पुष्टि गरेको छ। सुर्खेतका अग्रज कम्युनिस्ट नेता एवम् कवि लिलाधर गौतमले माओवादी केन्द्र, काङ्ग्रेस र एमालेकै बुर्जुवा सत्तामा गएको भन्दै आफूले भोट नहाल्ने घोषणा गर्नुभयो। यसै सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवको "प्रचण्डदेखि किरणसम्मको विद्रोहको औचित्य संसदीय चुनावको विरुद्ध चुनाव खारेज अभियानमा व्यक्त भएको छ। यसलाई क्रान्तिसँग जोड्नुपर्छ" भनाइ निकै महत्वपूर्ण रहेको छ।

भारतीय चर्चित लेखिका महाश्वेतादेवीले एकपटक भन्नुभएको थियो, "मरिसकेको सिनोलाई घिसारिरहेको जस्तो केही लासहरूले जिउँदो भएको स्वाङ पारिरहेका छन्।" क्या गज्जबको भनाइ ! ठ्याक्कै त्यस्तै नेपालमा लासहरूको दलाल संसदीय व्यवस्था छ। स्थानीय निर्वाचन भनेको त्यही सिनोलाई घिसारिएको मात्र त हो नि ! तर पनि दलालहरू आफू जिउँदो भएको स्वाङ गरिरहेका छन्। मरिसकेको र चिहानमा पुर्न मात्र बाँकी रहेको संसदीय व्यवस्थालाई ब्युँताउन चम्चाले पानी मुख खुवाउने दुष्प्रयास गरिरहेका छन्। क्रान्ति-स्वप्नद्रष्टाले यो मर्मलाई आत्मसात गर्न आवश्यक छ। अनि त कमरेड चारू मजुमदार यो भनाइ स्मरणमा ताजगी भएर आउँछ। उहाँ भन्नुहुन्छ, "जो सपना देख्दैन र अरूलाई पनि सपना देख्न सक्ने बनाउँदैन, ऊ कहिल्यै पनि क्रान्तिकारी हुन सक्तैन।" यो निर्वाचन खारेजी अभियान आफू पनि सपना देख्ने र अरूलाई पनि सपना देख्न सक्ने बनाउने विषयसित सम्बन्धित छ।

म्याक्सिम गोर्कीले भन्नुभएझैं "श्रम-संसार क्रान्तिको आवश्यकताको बोधसम्म पुगेको छ। साहित्यको कर्तव्य त्यसको सहायता गर्नु हो; जसले विद्रोहको झन्डा उठाएको छ। जति सफलतापूर्वक त्यो सहयोग गरिनेछ, त्यत्तिकै छिटो 'डगमगाइरहेको स्वर्ग' सधैँको लागि पतन हुनेछ।" हो, डगमगाइरहेको दलाल संसदीय व्यवस्थाको अन्त्यका लागि हामीले आफ्नो प्रतिरोधात्मक क्षमतालाई अझ माथि उठाउन आवश्यक छ। हाम्रो सिर्जनात्मक आवाजलाई अझ धारिलो र खारिलो बनाउन आवश्यक छ। दलाल प्रतिक्रियावादी सरकारले जति दमन गरे पनि, जति प्रतिबन्ध लगाए पनि जनताले आफ्नो परिवर्तनका स्वरहरू बन्द गर्नेछैनन्। परिवर्तका लागि उठेका पाइलाहरू रोकिनेछैनन् र परिवर्तनका लागि उठेका इन्क्लाबी-हातहरू अझै माथि माथि उठिरहनेछन्। अन्तमा, सुप्रसिद्ध मार्क्सवादी कवि तथा महान् सांस्कृतिक सहिद कृष्ण सेन 'इच्छुक' को कवितांश :

> हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
> हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
> तिमी भन्छौ गाऊ न त गाऊ
> तर त्यो गीत नगाऊ
> हामी भने त्यही गीत गाइरहनेछौं।

९ जेठ, २०७४



## कविता

### ए दाइ, सुन न दाइ


- रसुवाली कवि

*लेकबेसी गर्ने भरियाहरू*
*सुख बोकी हिँडेका छैनन्*
*पसिना पुछेर टोपीमा गुराँस घुसार्दैछन्*
*बन्दुक बोकी हिजो युद्धमा हिँडेका किसानहरू*
*ए दाइ, सुन न दाइ*
*क्रान्ति सकिएको छैन*
*हाम्रो दिनको आएको छैन।*

*पुँजीवाद मलखाद बनेर*
*सुर्का र फोगटातिर छिरेको छ*
*काउली, कोदो र फापरहरू अपहरणमा परेका छन्*
*गाउँमा आइपुगेको छ*
*सय रुप्पैं पाउको मस्यौरा।*

*मसाल बोकेर हिँडेको नेताको*
*होस जलेको बेला छ*
*पूर्वयुद्धकमान्डरलाई*
*डर पैदा भएको मौसम छ*
*ए दाइ, सुन न दाइ*
*मलाई बहुत खुसी लागेको छ यो समय*
*पर क्षितिजमा रातो घाम उदाएको छ*
*हाम्रा गीतहरू जुर्मुराएका छन्*
*चिहानबाट उठेको छ रातो मसाल*
*जसरी हिउँदमा भन्दा बर्खामा उर्लन्छन् नदीहरु*
*उसैगरी सङ्कटबाट नै सुरु हुने रहेछ क्रान्ति।*

*नरोकिने रहेछ हाम्रो यात्रा*
*मुक्तिको उर्लँदो भेल रहेछ हाम्रो जीवन*
*हामीलाई थाक्ने फुर्सद कहाँ छ र*
*हामीलाई भाग्ने छूट कहाँ छ र*
*दाइ, सुन न सुन दाइ*
*हाम्रो जितको ढोका अब चाँडै खुल्छ रे*
*हाम्रो जीवन लालीगुराँसँझैं फुल्छ रे।*

## बेइजिङ सम्मेलन ...

छन्।

प्रथम ओबर सम्मेलनमा १३१ देशका राष्ट्रप्रमुख तथा उच्च तहका प्रतिनिधिहरू सहभागी थिए। चीनले सन् २०१३ मा उक्त महत्वाकाङ्क्षी योजना सार्वजनिक गरेको थियो। उक्त सम्मेलनमा अमेरिका र दक्षिणकोरिया समेत सहभागी थिए भने दक्षिणएसियाबाट भुटान र भारत सहभागी भएनन्। रेसम मार्गले कास्मिर उपत्यका छुने भएका कारण पनि भारत सशङ्कित भएको ठानिन्छ। नेपालले ओबर सम्झौताबाट केकति फाइदा लिन सक्ला, नेपालको पहलमा भर पर्छ। नयाँ रेसम मार्गको नक्साङ्कन हेर्दा इरानबाट पाकिस्तानको ग्वादर बन्दरगाह हुँदै अगाडि बढ्ने देखिन्छ। अर्को हाँगोअनुसार कोलकाता हुँदै कोलम्बो पुग्छ। नेपालले उक्त सहमतिमा हस्ताक्षर गरिसकेको सन्दर्भमा नयाँ नक्सामा नेपाल कसरी जोडिन्छ त? ल्हासा, सिगात्से हुँदै चिनियाँ रेलसेवा सन् २०२० सम्म चेरुङ उपत्यका पुऱ्याउने चिनियाँ रणनीति छ। उक्त रेल सञ्जाललाई रसुवागढी (टिम्बुरे), काठमाडौँ, हेटौंडा, हुँदै वीरगन्ज र अर्को हाँगो त्रिशूली, गल्छी, पोखरा हुँदै लुम्बिनी पुऱ्याउन सके मात्र नेपालले ओबर सम्झौताबाट फाइदा लिने सक्नेछ। २०१७ जनवरी १ मा चीनबाट हिँडेको मालवाहक सेवा (कार्गो) १८ दिनमा १२ हजार किमि दूरी पार गरेर लन्डनमा पुग्दा बाटोमा पर्ने देशहरूले केकति फाइदा पाए त? चीनले सामान बेच्यो, बेलायतले सस्तो चिनियाँ सामान पाए। बाटोका देशले के पाए? चीन र भारतका बीचमा कुनै दिन रेसम मार्ग बन्यो भने नेपालले धुलो र धुवाँ मात्र पाउने हो कि? प्रश्न अनुत्तरित छ। नेपालमा ओबरको भूकम्प मापन भइरहेको समयमा त्यस विषयको चर्चाले खासै स्थान पाएको छैन।

चीनले स्वीकार गरे पनि नगरे पनि रेसम मार्गको विश्वपरियोजनाले राजनीतिक, सांस्कृतिक र सामरिक क्षेत्रमा चिनियाँ वर्चस्वलाई विस्तार गर्नेछ। जाहिद हुसेनले भनेझैँ सिल्क रोडको पुनरोदयले चीनको विश्वमा चौतर्फी प्रभाव विस्तार गर्नेछ। पश्चिमी देशहरूले उक्त परियोजनालाई चीनको प्रभुत्व विस्तार गर्ने रणनीति भनिरहे पनि विरोधको स्वर पानीको फोकाझैँ प्रभावहीन भएको छ। लेखक हुसेनले वर्तमान चिनियाँ राष्ट्रपतिलाई माओत्सेतुङपछिका शक्तिशाली राष्ट्रपति भनेका छन्।

ओबरमा नेपालको सहभागितालाई सार्थक बनाउने हो भने नेपाल भारत र पश्चिमी दाताहरूको दबाबमा आश्रित हुँदै आएको सुगौली सन्धिदेखिको परम्परा तोडिनेछ। त्यसले नेपाल भारतको सामरिक र रणनीतिक आश्रित देश भइरहनुपर्ने बाध्यता रहनेछैन। नेपाल डराईडराई ओबरको सदस्य भएपछि भारतको भोटे ताल्चा खुलेको तोडिएको टिप्पणी पनि भएका छन्। तर सरकारले ठोस कार्ययोजना बनाउन भने ठोस उपलब्धि हुनेछैन। दिल्लीले अब कार्यान्वयनमा भाँजो हाल्ने भूमिका निर्वाह गर्नेछ। चीनले चाहेर मात्र हुँदैन। साम्राज्यवादको दलाल संसदीय व्यवस्थाले दह्रो गोडा टेक्ला त? प्रश्न अनुत्तरित छ।

## जनगणतन्त्र कोरिया ...

भाग लिन लगाएर र दर्शनीय स्थलहरूमा घुमाएर हामीलाई प्रभावित पारिसकेकी थिई- दसौँ लाख कोरियाली जनताले रगत बगाएर स्थापना गरेको समाजवाद हो कोरियाको। यो व्यवस्था निर्माण गर्न र कोरियालीहरूलाई यो सुख र समृद्धि दिलाउन किम इल सुङ, किम जोङ इल र अरू कयौँले आफ्नो निजी सुख र समृद्धिलाई तिलाञ्जली दिएका छन्।

उसले निर्भीक भएर आफ्नो नेतृत्वको चर्चा गरिरहँदा म भने महान् जनयुद्धमा बलिदान गर्ने दसौँ हजार योद्धाका सपनालाई दुस्मनको पाउनमा बुझाएर वर्गघात गर्ने पुष्पकमल दाहाल र बाबुरामहरूका षड्यन्त्रकारी व्यवहार र तिनका दुष्ट अनुहार सम्झिएर पिच्चपिच्च थुकिरहेको थिएँ।

नानीले हामीलाई करिब ४५ देशका ६० भन्दा बढी पार्टी/सङ्घसंस्थाका डेढ सयभन्दा बढी समाजवादी बौद्धिकहरूका बीचमा सङ्कटग्रस्त साम्राज्यवादको पछिल्लो अवस्था, जनवादी गणतन्त्र कोरियाले जुझे विचार अवलम्बन गर्दै स्वाधीन, मुक्त, समृद्ध कोरिया निर्माण गर्नुका साथै सोही विचारको माध्यमबाट विश्व साम्राज्यवादलाई दिएको चुनौती र उत्पीडित राष्ट्र तथा जनताले गर्नुपर्ने वर्गसङ्घर्षको तयारीका सन्दर्भमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने वातावरण बनाई र विचार र व्यवहारका बीचमा तालमेल छ कि छैन भनेर कोरियाका सैनिक र ब्यालेस्टिक मिसाइलहरू पनि देखाई। दस हजार किलोमिटर टाढासम्म मार हान्नसक्ने क्षेप्यास्त्रहरू हामीले आफ्नै आँखाअघिल्तिर दस मिटरनजिकैबाट हेऱ्यौँ शरीर जिरिङ्ग-जिरिङ्ग पार्दै। यी हतियारहरूको प्रयोग हुन पायो भने उत्तरसाम्राज्यवादी अमेरिका निमेषभरमै ध्वस्त हुनेछ...मैले मनमनै भनेँ। 'तिमीले के भन्यौ', नानीले सोधी। 'साम्राज्यवादको अन्त्यका लागि तिमीहरूले गरेको विकास धन्य छ भनेको', मैले जबाफ दिएँ।

यी दृश्यहरूको अवलोकनपछि सल्लाहकार हस्तबहादुर केसीले भन्नुभयो, कोरियामा साँच्चिकैको समाजवाद रहेछ र सर्वहारावर्गको अधिनायकत्व रहेछ। क्षेप्यास्त्रहरूको अवलोकनकै क्रममा सल्लाहकार राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसीले यो चमत्कारको शब्दमा वर्णन गर्न गाह्रो पर्ने बताउनुभयो। अर्का सल्लाहकार अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहले नेपालका देशभक्त र क्रान्तिकारी कोरियाबाट सिक्नुपर्ने बताउनुभयो। कार्यक्रमकै बीचमा हाम्राबीच वार्तालाप भइरहेको सुनेकी नानीले सोधी- 'लेखक-पत्रकार महोदय, तपाईंहरूलाई हाम्रा गतिविधिले आकर्षित गरेनन् कि क्या हो? तपाईंहरूको देशमा पनि समाजवाद स्थापना भएपछि गरौँला है साम्यवादसम्मको सहयात्रा...।'

'साँच्चै सुरुको दिन देख्दा नपत्याएकी यो किशोरीलाई कोरियाली समाजवादले साँच्चै सक्षम बनाएको रहेछ', नानीतिर हेर्दै हाम्रो प्रतिनिधिमण्डलका सदस्य सरोज भण्डारीले भन्नुभएको थियो, 'महिला र पुरुषका बीचमा असमानताका पर्खालहरू हटेपछि हाम्रो समाजमा पनि यस्तै सक्षम नानीहरूको कुनै अभाव हुनेछैन जसले समाजको आमूल परिवर्तनमा आफ्नो सम्पूर्ण क्षमता लगाउनेछन्।'

हमीलाई बिदा गर्न अप्रिल २० तारिखमा विमानस्थलमा आएकी नानीले भनेकी थिई, 'फर्केपछि पनि कोरिया, हाम्रो समाजव्यवस्था र यहाँका राम्रा कुराहरू नबिर्स है! हामीले व्यक्तिगत रूपमा कुनै त्रुटि गरेको रहेछौँ भने पनि कम्तीमा हाम्रो समाजवादलाई भने नबिर्स। हामी तिम्रो देशको समाजवाद कस्तो रहेछ, कुनै दिन हेर्न आउँला।'

## बन्दुकको घेराभित्र ...

व्यापक उपस्थिति र नेकपाको अगुवाइमा ब्यालेट बक्स नै कब्जामा लिई जलाएर ध्वस्त पारिएको थियो। प्रहरी र निर्वाचनमा खटिएका कर्मचारीहरू हतियार छोडेर भागेका थिए। त्यसपछि जेठ ७ गतेका लागि तोकिएको निर्वाचन देखावटी रूपमा सफल बनाउनका लागि शक्ति केन्द्रित गरिएको थियो। तर पनि बन्दुकको बलमा कुल मतदाताको पन्ध्र प्रतिशत मात्र मत खसालेर त्यहाँका जनताले फेरि पनि असफल व्यवस्थाले गरेको चुनावलाई खारेज गरिदिएका छन्।

यसैबीच वैशाख ३१ गते नै कालीकोटमा प्रहरीद्वारा मारिएका धनरूप बटालाको स्मृतिमा देशका विभिन्न ठाउँहरूमा शोकसभाहरू सम्पन्न भएका छन्। शोकसभा मनाउने क्रममा नै काठमाडौँ, पोखरालगायत देशका विभिन्न ठाउँहरूबाट दर्जनौँलाई गिरफ्तार गरिएको छ। काठमाडौँको असनबाट प्रहरीले अनेमसङ्घ क्रान्तिकारीकी महासचिव धीरेन्द्रा उपाध्याय 'भृकुटी', पत्रकार सुदर्शन मङ्गोल, जयसिंह, लोकेन्द्र बिष्ट, एल.के. रायमाझी, देवी, विजयलगायतलाई गिरफ्तार गरी हिरासतमा राखेको छ।

उता पोखराको पृथ्वीचोकमा पनि कार्यक्रम गरिरहेका नेकपाका दुई दर्जनभन्दा बढी जिल्लास्तरीय नेता र कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको छ। यस्तै नुवाकोटलगायत देशभरि नै नेकपाका कार्यकताहरूलाई गिरफ्तार गर्ने र विभिन्न खालका झुट्ठा मुद्दामा फसाउने तयारी गरिरहेको छ। यता नेकपाले भने गिरफ्तार गरिएका आफ्ना नेता-कार्यकर्ताहरूलाई रिहा नगरिए त्यसबाट आउने परिणामको भागीदार स्वयम् हुनुपर्ने बताउँदै आएका छन्।

### गिरफ्तार नेता नछोडे स्थानीय प्रशासकमाथि निगरानी गरिने

नेपाल कम्युनिस्ट पार्टी ताप्लेजुङले गिरफ्तार गरिएका आफ्ना स्थानीय नेतालाई रिहा नगरे त्यसको बदलामा स्थानीय प्रशासकमाथि पनि उच्च निगरानी गरिने चेतावनी दिएको छ। गत आइतबार आफ्नो पार्टीका मेची ब्युरो सदस्य रामकुमार चुडाललाई प्रहरीले पक्राउ गरेको विरोधमा नेकपाले यस्तो चेतावनी दिएको हो।

नेकपा ताप्लेजुङका इन्चार्ज आशीषद्वारा जारी प्रेसविज्ञप्तिमा विनाकारण पक्राउ पुर्जीबिना नै घरमा बसिरहेको अवस्थामा सादा पोसाकमा आएका प्रहरीले अपहरणको शैलीमा चुडाललाई पक्राउ गरेको बताइएको छ। साथै विज्ञप्तिमा आफ्ना कार्यकर्तालाई बिनासर्त रिहा नगरे त्यसका विरुद्ध कारबाही अघि बढाउने र सम्बन्धित व्यक्तिहरू आफ्नो निशानामा पर्नसक्ने जनाइएको छ।

साथै आफ्ना कार्यकर्ताहरूमाथि झुट्ठा मुद्दा लगाउने र शारीरिक तथा मानसिक यातना दिनेजस्ता गम्भीर मानवअधिकार उल्लङ्घनका घटना दोहोरिइरहेको भन्दै विज्ञप्तिमा त्यसप्रति घोर आपत्ति प्रकट गरिएको छ।

## नयाँ गठबन्धन ...

मतदान केन्द्रमा उपस्थित नभएपछि घरघरमा पसेर घेरेर ल्याइयो र व्यापक अपरेसन चलाइयो। यो निर्वाचन संसदीय शक्तिहरूका लागि उत्सव भयो भने निम्छरा जनता र देशभक्त शक्तिहरूका लागि सङ्कटकालको पुनरावृत्ति भयो। चुनावले शान्ति र विकास ल्याउने दाबी गरिए पनि द्वन्द्व बढाउनेबाहेक अर्थोक हात लाग्ने देखिन्न।

## लोकतन्त्रको ...

आज विश्वमा १ प्रतिशत धनाढ्यसँग ९९ प्रतिशत सम्पत्ति छ। 'एन इकोनोमी फर द वान पर्सेन्ट' नाम दिइएको यो रिपोर्टलाई अक्सफाम इन्टरनेसनलले जारी गरेको हो। विश्वको धेरैभन्दा धेरै सम्पत्तिको मालिक कमभन्दा कम हातहरूमा सङ्कुचित हुँदैछ। यो त असमानताको हद हो। यस्तो कसरी भयो? आफू काम नगरी अरूलाई काम लगाएर खाने थोरै सङ्ख्याका व्यक्ति काम गरेर खाने बहुसङ्ख्यक जनतालाई जाति, धर्म, संस्कृति आदिका नाममा आपसमा जुधाएर सफल भएका छन्। श्रम गर्ने मानिसहरू मिल्न सके अरूलाई श्रम गराएर फाइदा लिने मानिसहरू टिक्न सक्दैनन्। बल्ल श्रम गर्नेहरूको सुदिन फिर्छ।

२१ औँ शताब्दीमा पनि विश्व जनसङ्ख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि छ र विश्वका अधिकांश भूभागमा सम्पत्ति वितरण असमान छ। आज विश्वमा २० करोडभन्दा बढी बेरोजगारीको सङ्ख्या छ। यो गुणात्मक हिसाबले बढ्नेवाला छ। यो सङ्ख्या २०१७ मा ३४ लाख र २०१८ मा ३८ लाखले वृद्धि हुने प्रक्षेपण गरिएको छ। आज विश्वका नौमध्ये १ जनाले भोको पेट सुत्नुपर्ने बाध्यता छ। नजिकैको छिमेकी राष्ट्र भारतको मात्र कुरा गर्ने हो भने ५७ जना उद्योगपतिको ढुकुटीको तौल मुलुककै ७० प्रतिशत जनताको जनसङ्ख्याको भन्दा कुल सम्पत्तिभन्दा बढी छ। भारतमा पनि कमभन्दा कम मान्छेको हातमा धनकेन्द्रित हुँदै गएको छ। अमेरिका सन् १८८२ देखि लगातार १३५ वर्षसम्म आर्थिक रूपमा विश्वशक्ति बनेको छ। सन् १९६० को दशकदेखि करिब तीन दशकको शीतयुद्धको समयमा सोभियत सङ्घसँग विश्वशक्तिको ताज बनेको थियो। अमेरिकाले बर्लिन पर्खाल ढलेसँगै र पहिलेको सोभियत सङ्घ १५ टुक्रा भएसँगै पुनः विश्वशक्तिको एकल प्राधिकार बन्न पुग्यो। आज पनि अमेरिका विश्वका धेरै मुलुकलाई आफ्नो मुठीमा कायम राख्न चाहन्छ। यो डरलाग्दो स्थितिका कारण हरेक देशका मानिस आआफ्नो भविष्यलाई लिएर सशङ्कित बनेका छन्।

आज विश्वभर धनी र गरिबबीचको खाडल बढ्नुमा लोकतान्त्रिक शासनभित्रको पुँजीवादी अर्थव्यवस्था हो। भन्नका लागि लोकतन्त्रमा स्वतन्त्रता, सामाजिक न्याय, लोककल्याण, भाइचारा भनिन्छ तर यही राज्यव्यवस्थाले आर्थिक असमानताको डरलाग्दो खाडल बढाएको छ। यो खाडल पुर्न अब यही व्यवस्थाबाट सम्भव देखिँदैन जबसम्म समाजवादी अर्थव्यवस्था अपनाइँदैन तबसम्म यो खाडल अरू बढेर जान्छ। पश्चिमा राजनीतिक व्यवस्था यही रूपमा कायम रहे अबको केही दशकमै पुँजीवादी व्यवस्था संसारका कयौँ मुलुकबाट ढल्ने निश्चित छ। पुँजीवादको सङ्कट नै अहिले देखिएको लोकतन्त्र हुनसक्छ। जब निश्चित मान्छेहरू अझै आराम र मोजमस्तीमा बस्छन् बाँकी ठूलो हिस्सा गरिबी, बेरोजगारी भोकै बस्नुपर्ने अवस्था आउँछ तब थोरै मानिसको हित रक्षाका लागि स्थापना गरिएको राज्यव्यवस्था टिक्दैन।

अन्त्यमा संसदीय व्यवस्थाअन्तर्गतको लोकतन्त्रकबाट मुलुक स्वाधीन र सम्पन्न बन्न सक्दैन। मुलुकका जतिपटक संसदीय व्यवस्था स्थापना भयो यसले जनता र राष्ट्रलाई झन् ठूलो नोक्सानी र विपत्तिमात्र दिएको छ। आजको यो बहुआयामिक सङ्कट समाधान गर्ने वैज्ञानिक उपाय भनेको एकीकृत जनक्रान्तिको बाटो हो। जनताले कुनै पनि सङ्गठनको सिद्धान्त हेर्छ, सिद्धान्तभन्दा कार्यक्रम र नीति हेर्छ अनि नीतिभन्दा परिणाम हेर्छ। अन्य दलमा कथनी र करनीको ठूलो अन्तरविरोध छ। नीतिबिनाको परिणामको त कल्पना गर्न सकिँदैन। हाम्रो देश र जनताको साझा दुस्मन साम्राज्यवादको इशारामा नाच्ने दलाल पुँजीवाद नै हो। तसर्थ आमजनताले सबैखाले शोषण, दमन, उत्पीडन र विभेदबाट मुक्ति हुने हो भने संसदीय व्यवस्थाको चक्रव्यूह तोड्न स्वाधीनता, सार्वभौमिकता, न्याय र समानताका लागि एकीकृत जनक्रान्तिवरिपरि एकताबद्ध भई अघि बढ्नु साँचो अर्थमा अबको आवश्यकता हो। अझै पनि हामीले लोकतन्त्रको भ्रम नचिर्ने हो भने हाम्रो भविष्य अन्धकार नै रहन्छ। न हामी स्वाधीन हुन्छौँ, न त सम्पन्न रहन्छौँ।

(लेखक केही समयअघि प्रज्ञाप्रतिस्ठानको क्रान्तिकारी ध्रुवीकरण कार्यक्रममा नेकपा मार्क्सवादीको सचिवालय सदस्यको हैसियतबाट नेकपामा प्रवेश गरेका हुन्।)

## ज्वालाको श्रद्धाञ्जली सभा

■ जानकी दहित/दाङ

नेपाल कम्युनिस्ट पार्टी दाङका जिल्ला सचिवालय सदस्य शेरबहादुर राना 'ज्वाला' को स्मृतिमा पुरन्धारामा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। असामयिक रूपमा ज्वालाको निधन भएको नवौँ दिनमा आयोजित श्रद्धाञ्जली सभाका वक्ताहरूले कम्युनिस्ट आन्दोलनका एक धरोहर योद्धा गुमाएको र राजनीतिक एवम् सामाजिक क्षेत्रमा पार्टीलाई अपूरणीय क्षति पुगेको बताएका छन्।

सभाका प्रमुख वक्ता नेकपाका केन्द्रीय सदस्य शीतलले कम्युनिस्ट आन्दोलन बचाइराख्न ज्वालाले निर्वाह गरेको भूमिका अविस्मरणीय भएको उल्लेख गर्दै उहाँलगायत हजारौँ सहिदहरूले देखेको सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै उहाँले बन्दुकले आवाजलाई थुनेर र विदेशीको चाहनाअनुरूप गराइएको चुनाव देश र जनताका लागि घातक भएको बताउनुभयो।

सभामा नेकपाकै अर्का केन्द्रीय सदस्य असल क्षेत्रीले वर्ग दुस्मनका लागि ज्वाला साँच्चिकै ज्वाला नै रहेको बताउँदै उहाँको सपना साकार पार्न आफू निरन्तर क्रान्तिको बाटोमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रहरीको गोलीबाट मारिएका कालीकोटका धनरूप बटालाप्रति पनि उहाँले श्रद्धाञ्जली व्यक्त गर्नुभयो।

सभामा काङ्ग्रेसका प्रतिनिधि गंगाराम केसी, नेकपा एमालेका नन्दलाल ओली, माओवादी केन्द्रका सुशील क्षेत्री, क्रान्तिकारी पत्रकार सङ्घका केन्द्रीय सदस्य जानकी दहितलगायतले मन्तव्य राख्नुभएको थियो भने ज्वालाको छोरा महानले उहाँको सङ्क्षिप्त जीवनी राख्नुभएको थियो।

नेकपा दाङका सेक्रेटरी सविनको अध्यक्षतामा सम्पन्न उक्त श्रद्धाञ्जलीसभाको सञ्चालन नेकपाकै जिल्ला सदस्य प्रदीप ओलीले गर्नुभएको थियो।

## मालकोट गोलीकाण्ड ...

क्षेत्र सेवा केन्द्र (इन्सेक), कालीकोट जिल्ला र राष्ट्रिय मानवअधिकार तथा सरोकार केन्द्र एवं पत्रकारहरूको एक टोलीले घटना स्थलको स्थलगत प्रतिवेदन मंगलबार पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरेको छ। सो प्रतिवेदनको सम्पादित अंश -

### मतदानसम्बन्धी विवाद

वैशाख ३१ गतेका दिन बिहान ७ बजेदेखि मालकोट, सेरापाटास्थित नन्दादेवी माध्यमिक विद्यालयमा रहेको नरहरिनाथ-६, मतदान केन्द्रमा मतदाताहरू जम्मा हुँदै मतदानका लागि पंक्तिबद्ध हुन थाले। मतदान अधिकृतलगायतका कर्मचारी र सुरक्षाकर्मीहरू पनि आ-आफ्नो जिम्मेवारीमा खटिए। त्यसपछि मतदान कार्य शुरु भयो। मतदान शुरु हुँदै गर्दा मतदान कार्य सम्पन्न गर्न खटिएका केही राजनीतिक दलका कार्यकर्ताहरूले "खोइ निर्वाचन खारेज गर्नेहरू कहाँ छन्? अब कति मतदाताहरूले मतदान गर्ने रहेछन् हेरौँ" भन्दै ठट्टाव्यंग्य गरिरहेको कुरा पनि मतदान केन्द्रमा उपस्थित केही व्यक्तिहरूले यस टोलीलाई बताए। अर्कोतिर, मतदानमा शारीरिक दृष्टिमा फरक रूपले सक्षमहरूको मत वारेसमार्फत खसाउने कार्य हुन थाल्यो। यस विषयलाई लिएर पनि निर्वाचनमा सहभागी दलहरूबीच विवाद शुरु भयो। त्यसैगरी मतदानमा सहभागी नभएका केही मतदाताहरूको नाममा जाली मत हालिएको भन्ने विषयमा पनि मतदान केन्द्रमा उपस्थित मतदाताहरूबीच विवाद चल्न थाल्यो। आफूलाई नेपाल कम्युनिस्ट पार्टीको कार्यकर्ता बताउने मतदान सूचीमा नाम सूचीकृत भएका व्यक्तिले आफूलगायत मतदान केन्द्रमा अनुपस्थित अन्य करिब १० जना मतदाताहरूको नाममा जाली मत खसालिएको भन्ने विवादले चर्को रूप लियो।

### गोली प्रहारको घटना

मतपेटिका सिलबन्दी गरी मतगणनास्थलमा जाने तयारी भइसकेपछि कर्मचारी तथा प्रहरीहरू मतदान केन्द्र रहेको विद्यालय भवन कोठाभित्र बसिरहेको देखिन्छ। यसरी मतदान कार्य सम्पन्न भइसकेपछि पनि किन विद्यालय कोठाभित्र बसिरहेको भन्ने प्रश्नको जवाफमा एकजना प्रत्यक्षदर्शीले सोही समयमा हुरिबतास चली असिनापानी परेकाले ओत लाग्न भित्र जानुपरेको जवाफ दिए। अर्कोतिर, बिहानैदेखि मतदान केन्द्रदेखि करिब १ किलोमिटर दूरीमा बारीमा दुईवटा सकेट बम फेला परेकोले उक्त बम निष्क्रिय गराउने कार्यमा त्यहाँ खटाइएका सेनाहरू लागिरहेको हुँदा मतपेटिका लैजाँदा सेनाको टोलीलाई पनि पर्खनुपर्ने भएकाले मतदान कार्य सम्पन्न भइसक्दा पनि त्यहीं बस्नु परेको बताए। साथै, यतिबेला पनि जाली मतपत्र खसेको सम्बन्धी विवाद जारी नै रहेको अवस्था छ।

यसै क्रममा विद्यालयको प्राङ्गणमा रहेका व्यक्तिहरू पनि भित्र पस्न खोजिरहेका थिए। प्रहरीहरू भने उनीहरूलाई बाहिर पठाउन खोजिरहेका थिए। त्यसबेला १५/२० जना जतिमात्र मानिसहरू थिए। ती बाहिर रहेका मानिसहरूले "आफूहरूको नाममा खसाइएका जाली मतलाई मान्यता दिई मतदान सम्पन्न भएको भन्न मिल्दैन" भनिरहेका थिए। यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको वडा अध्यक्षका उम्मेदवार धनरूप बटाला विवाद मिलाउनुपर्छ भन्दै भित्र पस्न लागे। यसैबीच करिब ५:३० बजेतिर उनैलाई ताकेर एकाएक गोली चल्यो। गोलीको आवाज प्रत्यक्षदर्शीले सुने। वरपरका व्यक्तिहरूले पनि सुने। उनीलाई कम्मरमा गोली लागेको थाहा भयो। गोलीको आवाजसँगै "ऐया! मरेँ! बचाऊ! बचाऊ!" भन्दै उनी विद्यालय कोठा अगाडिको ढोका नजिकै ढङ्ग्र लडे। यसैबीच "लौ, मेरो दाइलाई कसले मार्‍यो, बरु मलाई गोली हान" भन्दै दाइलाई उठाउन भनी धनरुपका भाइ दानबहादुर बटाला अघि बढे। त्यतिबेला रगतका छिर्काहरू यत्रतत्र देखिन थाले।

यत्तिकैमा पुनः प्रहरीबाटै गोली चल्यो र दानबहादुरको बायाँ खुट्टाको घुँडामा, घुँडाको अलिकति माथि र घुँडाको अलिकति तल गरी ३ ठाउँमा गोली लाग्यो। उनको गोडाबाट रगतका छिर्का निस्किएपछि "ऐया! ऐया! बचाऊ!" भन्दै उनी भुइँमा ढले। त्यसको लगत्तै उनका भाइ नाता पर्ने कूलबहादुर बटाला पनि "यसरी गोली नहान" भन्दै भुइँमा ढलिरहेका दाइ धनरूपलाई समाउन जाँदा प्रहरीको तर्फबाट पुनः गोली चल्यो र कुलबहादुरको दाहिने घुँडामुनि गोली लाग्यो। रगत बग्यो। उनी पनि ढले। वातावरण पूरै भयावह र आतङ्कित भयो। भागदौड मच्चियो। यसैबीच स्थानीय ब्याजी वि.क.लाई पनि भाग्दै गर्दा दाहिने खुट्टाको कुर्कुच्चोमा गोली लाग्यो। गोली कुर्कुच्चो छेडेर पार भयो। उनी पनि "ऐया! ऐया!" भन्दै ढले। लगातार गोली चलिरहेको सुनेपछि वरिपरि रहेका सबै स्थानीय जनताहरू एकैछिनमा मतदान केन्द्रमा भेला भए। उनीहरू यसरी "गोली चलाउन र मान्छे मार्न पाइँदैन" भन्दै आक्रोशित भए। त्यसपछि प्रहरी, निर्वाचन अधिकृतलगायतका कर्मचारी, उम्मेदवार र पार्टीका प्रतिनिधिहरू ढोका लगाएर भित्र बसे। बाहिर स्थानीय जनताहरूको भिड बढ्दै गयो। त्यसपछि "तुरुन्त बाहिर निस्क, किन गोली हानियो, यसरी मान्छे मार्न पाइँदैन" भन्दै भिड झनै आक्रोशित भयो। त्यसपछि भिडबाट "जाली मत बदर नगरी बाकस लान पाइँदैन, बाकस तुरुन्त फिर्ता देऊ, नत्र हामी आगो लगाउन बाध्य हुनेछौँ" भन्ने आवाज आउन थाल्यो।

### मतपेटिका जलाइएको घटना

यही विवाद चल्दाचल्दै करिब ५ बजेतिर मतपेटिका बन्द गरी सिलबन्दी गरी उक्त मतपेटिकालाई मतगणना स्थलमा लैजाने तयारी हुँदै थियो। यसैबीच माथि भनिएझैं एकाएक ठूलो हुरिबतास र असिना पानी पर्‍यो। मतदान अधिकृत र अन्य कर्मचारी तथा प्रहरी, उम्मेद्वार र उम्मेद्वारका प्रतिनिधिहरूलगायत केही राजनीतिक दलका कार्यकर्ताहरू समेत विद्यालयको माथिल्लो तल्लामा मतपेटिका लिएर बसे। बाहिर जो बसेका मानिसहरूले पनि असिनापानीबाट बच्नका लागि भित्र बस्नका लागि प्रहरीसमक्ष अनुरोध गरे। तर प्रहरीले उल्टै उनीहरूलाई बलपूर्वक बाहिर धकेल्न थाले। बाहिर रहेका मानिसहरूले "हाम्रा नाममा खसाइएका जाली मतहरूबारे हाम्रो कुराको सुनुवाइ नगरी मतपेटिक सिलबन्दी गर्न पाइँदैन" भन्दै जाली मतहरू मतपेटिकाबाट बाहिर निकाल्न अनुरोध गरे। यसरी एकातिर असिनापानीबाट बच्न भित्र जान पाऊँ भन्ने र जाली मतहरू तत्काल बदर गर्नुपर्दछ भन्ने विषयले संयोगवशः एकैसाथ चर्को रूप लियो। यति बेलासम्ममा करिब ४/५ सय जना मानिसहरूको भिड पनि जम्मा भयो।

एक प्रत्यक्षदर्शीका अनुसार, त्यसपछि भिडले जे पनि गर्न सक्दछ भनी आत्तिएर भित्रबाट मतपेटिका बाहिर फालियो। भिडले सो मतपेटिका मतदान केन्द्र स्थलमै जलाइदियो। जलाउने कार्यमा के कुन व्यक्तिहरू थिए भन्ने कुरा कसैले बताउन सकेनन्। अर्कोतिर, भिडको सम्पूर्ण ध्यान जलिरहेको मतपेटिकातर्फ केन्द्रित भएको मौका छोपी प्रहरीहरू आ-आफ्ना बन्दुक बोकेर भाग्न थाले। मतदान अधिकृत र अन्य कर्मचारीहरू पनि पछि पछि भाग्न थाले। भित्र रहेका उम्मेदवार र दलका प्रतिनिधिहरू पनि भागे। सेनाको टोली सकेट बम निष्क्रिय बनाएर बल्ल आइपुगेको थियो। त्यसपछि गोली लागि ढलेका धनरूप बटाला र अन्य घाइतेलाई पहरा दिँदै गोली लागेका घाइतेहरूको उपचार के कसरी गर्ने भनेतिर लागेको स्थानीय प्रत्यक्षदर्शीहरूले बताए। घटनाको समयमा सेना संयमित नभएको भए ठूलो जनधनको क्षति हुने कुरासमेत बताए।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२ वर्ष २, अङ्क ४७, पूर्णाङ्क ९५ रातो खबर

## नियमित

विज्ञान र प्रविधि

# चट्याङ कसरी पर्छ ?

मनसुन सुरु हुँदैछ। पूर्वमनसुन सुरु भइसकेको छ। त्यसैले आकाशमा गड्याङ्गुड्ङ गरेको सुनिन थालेको छ। त्यसो हुँदा आकाशमा आगोको झिल्काजस्तै लामो प्रकाश देखिन्छ। त्यो विशेष प्रकारको विद्युतीय प्रवाह हो । त्यो समयमा जमिनसम्म नै प्रवाहित हुन्छ। त्यसैलाई चट्याङ भनिन्छ। वर्षा र हुरीबतासको समयमा र बर्सात्मा वायुमण्डलमा विपरीत दिशाबाट तीव्र गतिमा प्रवाहित वायु एकापसमा ठोक्किन्छन् । त्यसरी ठोक्किँदा ठूलो आवाजसहित उच्च भोल्टको विद्युतीय विस्फोटबाट पैदा हुने विद्युतीय लहर नै चट्याङ हो।

सूर्यको तापले पानीका विभिन्न स्रोतबाट पानीका कणहरू वाष्पीकरण भई आकाशतिर जान्छन्। तिनै पानीका कणहरू चिसिँदै गएर बादलको रूप लिन्छन् तर सबै बादल एकै प्रकारका हुँदैनन्। तिनीहरू विभिन्न तापक्रममा रहन्छन्। जब बादलमा पानीको मात्रा बढ्दै जान्छ बादल बाक्लिँदै जान्छ। बादल बाक्लो हुँदै गएपछि त्यसबाट प्रकाश छिर्न सक्दैन। प्रकाश छिर्न नसकेपछि त्यो बाक्लो बादल कालो देखिन्छ। कालो बादलको तल्लो तहमा पानीको थोपा बढी हुन्छ। बादलको माथिल्लो तहमा सूर्यको



किरण नपुग्ने भएकाले धेरै चिसो भई त्यहाँको पानी हिउँ, बरफ अथवा असिनाका रूपमा ठोस बनेको हुन्छ।

बादलको एउटै टुक्रा वा समूहमा पनि तापक्रम फरकफरक हुन्छ जसका कारण बादलको गति तीव्र बन्दछ। बादललाई हावाले पनि उडाइरहेको वा धकेलिरहेको हुन्छ। यी दुवै कारणले बादलभित्र हुरीबतास चल्न थाल्छ जसका कारण बादल-बादलबीच घर्षण पैदा हुन्छ। घर्षणले धनात्मक र ऋणात्मक चार्जहरू पैदा गराउँछ जसका कारण गड्याङ्गुड्ङ आवाज र विद्युतीय लहर पैदा गराउँछ। यस्तो आवाज बादलदेखि २० किमि परसम्म सुन्न सकिन्छ। चट्याङ बादलभित्रै सीमित रहने, बादलहरूबीच सीमित रहने वा बादलबाट जमिनसम्म फैलन सक्छ। त्यो कुरा घर्णणको स्तरमा भर पर्छ। सबै चट्याङले विद्युतीय लहर पैदा गर्ने भएकाले खतरा रहन्छ। चट्याङ पर्न बादको घर्षण अनिवार्य भए पनि कति बेला कहाँ घर्षण हुन्छ वा चट्याङ पर्छ भन्न सकिन्न। तर त्यसको जोखिम घटाउन सकिन्छ। त्यसका लागि -

- खुला आकाशमा बस्नु हुँदैन
- घरभित्र बसेर झ्यालढोका बन्द गर्नुपर्छ
- झ्यालढोकाभन्दा पर बस्नुपर्छ
- घरको छत वा विद्युत्को तारनजिक बस्नु हुँदैन
- रूखमुनि कहिल्यै बस्नु हुँदैन (गड्याङ्गुड्ङ गर्दा)
- विद्युतीय सामग्री बन्द गर्नुपर्छ
- टेलिफोन, मोबाइल बन्द गर्नुपर्छ वा प्रयोग गर्नु हुँदैन।
- खाली खुट्टाले जमिनमा वा धातुमा टेक्नु हुँदैन
- विद्युतीय सुचालकबाट टाढा रहनुपर्छ
- घर, भवनमा लाइटेनिङ रड प्रयोग गरेर सुरक्षित रहन सकिन्छ।

# नेकपाद्वारा समानान्तर सत्ता अभ्यास




**काठमाडौंः** जेठ ८, नेपाल कम्युनिस्ट पार्टीले चुनाव खारेजी अभियानलाई समानान्तर सत्ता अभ्यास बताएको छ। नेकपाका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन'ले राजधानीको एक कार्यक्रममा सोमबार सो दाबी गरेका हुन् । **'राज्यको दमनकारी नीति तथा राजनीतिक स्वतन्त्रता'** विषयक कार्यक्रममा नेता कञ्चनले सो कुरा बताएका हुन्। अनामनगरस्थित सम्बाद डबलीमा आयोजित सो कार्यक्रममा वामपन्थी नेता ऋषि कट्टेललगाएतका नेताहरुले मन्तव्य राखेका थिए।

# कालीकोटमा प्रहरी अपरेसन

■ रातो खबर संवाददाता/

वैशाख ३१ गते नेपाल कम्युनिस्ट पार्टीले माल्कोटको मतपेटिका कब्जा गरेर आगजनी गरेपछि जेठ ७ गते पुनः निर्वाचन घोषणा गरिएको थियो । जेठ ७ गते विहान १० बजेसम्म पनि जनता मतदान केन्द्रमा उपस्थित नभएपछि प्रहरीले नरहरीनाथ गाउँपालिका-६, (साविक माल्कोट-४) वरपर अपरेशन गऱ्यो। सल्लारुख, धनपाटा, राईटा, घोडेटहरा, राताखाल, पाङ्गा, विथलडाँडामा २५० जनाको सङ्ख्यामा रहेको जनपथ र सशस्त्र प्रहरीले गाउँबाट लखेट्ने, पक्राउ गर्ने, कुटपिट गर्ने गरेको थियो। गाईगोठ, जंगल, घरमा तोडफोड र पक्राउपछि ती गाउँमा युवाहरु विस्थापित भएका छन् । नेकपा (माओवादी केन्द्र) का सांसद महेन्द्र शाहीको नेतृत्वमा जनताका विरुद्ध व्यापक दमन भएको आरोप स्थानीयले लगाएका छन् । माओवादी केन्द्रका स्थानीय नेताहरु विष्णु विश्वकर्मा र जग्गु विश्वकर्माले प्रहरी लिएर घरघरमा गएको मालकोटबाट प्राप्त समाचारमा जनाइएको छ। प्रहरीले घरघरमा पसेर मतदातालाई घिसार्दै मतदान केन्द्रमा लगेको थियो।



तस्बिर : दिया चन्द

*सुर्खेतमा उपचार गराइरहेका माल्कोट गोलीकाण्डका घाइते कुलबहादुर बटाला।*







निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं